Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १४ ◆ अङ्क ४२५८ ◆ २०८० चैत १४ गते बुधबार ◆ ने.सं. ११४४ ◆ पृष्ठ ८ ◆ Wednesday, March 27, 2024 ◆ मूल्य रु. ५/– ◆ Web: www.aarthikdainik.com

### दुई सय ६६ बैंक तथा वित्तीय संस्था मर्जरमा सामेल

# गल्ती गर्नेलाई कारबाही गर्ने हो कि मर्जर तथा प्राप्तिबाट दायित्व लिनेलाई ?

■ सुरेश राउत
काठमाडौं, चैत १३

नेपालमा अहिले बैंक तथा वित्तीय संस्थाहरूको संख्या एक सय १२ छ । जसमध्ये २० वाणिज्य बैंक, क्षेत्रिय र राष्ट्रियस्तरका १७ वटा विकास बैंक, १७ वटा फाइनान्स कम्पनी र ५७ लघुवित्त वित्तीय संस्था र एउटा पूर्वाधार विकास बैंक छन् । एक दशकअघिसम्म नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या तीन सयभन्दा बढी थियो । पछिल्लो केही वर्ष ठूलो संख्यामा बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल भएपछि नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या घटेको हो ।

वित्तीय उदारीकरणसँगै निजी क्षेत्रको लगानीमा समेत बैंक तथा वित्तीय संस्थाहरूको स्थापना गर्ने क्रम बढेपछि संख्यात्मक उपस्थिति बढेको थियो । यही कारण अस्वस्थ प्रतिस्पर्धा बढ्न गएको र संस्थागत सुशासनको अभाव हुनगई केही वित्तीय संस्थाहरु समस्याग्रस्त हुने, इजाजतपत्र खारेज गर्नुपर्ने र सञ्चालक तथा व्यवस्थापकलाई कारबाही गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । पुँजीगत आधार ठूलो भएका प्रणालीगत आधारमा सक्षम र थोरै बैंक तथा वित्तीय संस्थाको आवश्यकता महसुस गरी गाभ्ने/गाभिने तथा प्राप्तिको प्रक्रियामार्फत नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको संख्या घटाउने



नीतिगत अवधारणा लिएर मर्जर तथा प्राप्तिको प्रक्रिया सुरु गरेको थियो ।

बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तारमार्फत दुर्गम स्थानसम्म बैंकिङ पहुँच पुऱ्याउन स्थानीय तहहरूमा कम्तीमा एउटा बैंक शाखा स्थापना हुनैपर्ने नीति सरकारले दिएको थियो । त्यसपछि सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट उपलब्ध गराएको छ । बैंक तथा वित्तीय संस्थाहरूको प्रवर्द्धन गरी ठूला पूर्वाधार विकासका परियोजनामा स्वदेशी स्रोत परिचालन गर्नु आवश्यकता छ । यसको लागि ठूलो शाखा सञ्जाल भएका र पुँजीको आधार बलियो भएका बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति आवश्यक पर्छ । यही कारण राष्ट्र बैंकले पुँजी वृद्धिपछि गाभ्ने/गाभिने तथा प्राप्तिलाई जोड दिएको थियो । बैंकिङ क्षेत्रलाई बढी व्यवस्थित र पारदर्शी बनाउन पनि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था एक-आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन)सम्बन्धी विनियमावली, २०७३ जारी गरी कार्यान्वयनमा ल्याएको ल्याएको थियो । राष्ट्र बैंकले ल्याएको यही नीतिको कारण एक दशकमा दुई सय ६६ बैंक तथा वित्तीय संस्थाहरु एक-आपसमा गाभिएका छन् ।

मर्जर तथा प्राप्ति प्रक्रियामार्फत आईएमई फाइनान्सियल इन्टिच्युसन, लर्डबुद्ध फाइनान्स, सोसियल डेभलपमेन्ट बैंक, गुल्मी विकास बैंक, कमर्ज एन्ड ट्रस्ट बैंक, प्यासेफिक डेभलपमेन्ट बैंक, रिलायवल डेभलपमेन्ट बैंक, हाथ्वे फाइनान्स, जनता बैंक र बैंक अफ काठमाडौं लिमिटेड एक-आपसमा गाभिएर ग्लोबल आईएमई बैंक बनेको छ । यसैगरी ग्रान्ड बैंक, किष्ट बैंक, प्रभु फाइनान्स बैंक, गौरीशंकर डेभलपमेन्ट बैक, जेनिथ फाइनान्स लिमिटेड, सेञ्चुरी कमर्सियल बैंक मिलेर बनेको प्रभु बैंक बनेको छ । पछिल्लो समय नेपाल इन्भेष्टमेन्ट बैंक र मेगा बैंक गाभिएर नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड बनेको छ । यसैगरी काष्ठमण्डप डेभलपमेन्ट बैंक, पश्चिमाञ्चल फाइनान्स, महाकाली फाइनान्स, कँाक्रेबिहार विकास बैंक, देवः विकास बैंक र नेपाल क्रेडिट एन्ड कमर्स बैंक गाभिएर कुमारी बैंक बनेको छ । हिमालयन र सिभिल बैंक गाभिएर हिमालयन बैंक बनेको छ भने लक्ष्मी बैंक र सनराइज बैंक गाभिएर लक्ष्मी सनराइज बैंक बनेको छ । यसरी मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल भएर बनेका बैंक तथा वित्तीय संस्थाहरूको सूची निकै लामो छ । तर, मर्जर तथा प्राप्तिको नाममा राष्ट्र बैंकको नियमन तथा सुपरीवेक्षणमा भएको कमजोरीको भागिदार अहिले मर्जर तथा प्राप्ति गराउने संस्था भएका छन् अर्थात् मर्जर तथा प्राप्तिको नाममा एक हदसम्म कुनै एउटा संस्थाको अमुक व्यक्तिले गरेको गल्ती बदमासीको भागीदार अर्को संस्था तथा व्यक्ति बन्नुपरेको छ । यदि राष्ट्र बैंकले पुराना गल्ती, र बदमासीका आधारमा कारबाही गरेको हो भने राष्ट्र बैंकले त्यो समयमा पनि अनुगमन गरेको थियो । त्यतिबेला नै भएको गल्तीमा किन कारबाही नगरेको हो ? तत्कालीन कमर्ज एन्ड ट्रष्ट बैंकले गरेको गल्ती अहिले ग्लोबल आईएमई बैंकको व्यवस्थापन पक्षले बोक्नुपरेको छ । तत्कालीन ग्राण्ड बैंकले गरेको गल्तीको सजाय अहिले प्रभु बैंकले भोगिरहेको छ । ग्राण्ड बैंकले गरेको गल्ती त्यतिबेला राष्ट्र बैंकले किन औँल्याएन ? कमर्ज एन्ड ट्रष्टले गरेको गल्ती किन कारबाही गरेन ? त्यतिबेला मेगाले गरेको गल्तीमा किन अहिले नेपाल इन्भेष्टमेन्ट मेगा बैंकलाई कारबाही गरेको ? सेञ्चुरी बैंकको अवस्था दयनीय थियो, गैरकानुनीरूपमा प्रवाह गरेको कर्जाको सजाय अहिले प्रभुले किन भोग्नुपरेको ? तत्कालीन समयमा राष्ट्र बैंकले सिभिल बैंकलाई किन कारबाही गरेन ? हिमालयनमा मर्जरमा जाँदा सिभिलको डीडीए रिपोर्ट नै गल्ती थियो भन्ने तथ्य सार्वजनिक भएको थियो । त्यो समयमा सिभिल बैंकलाई किन कारबाही नगरेको ? त्यो बेला सहुलियत दिने तर अहिले मर्जर भएपछि किन कारबाही प्रक्रिया अगाडि बढाएको ? त्यतिबेला, बैंक छुट्टै थियो, सञ्चालक समिति छुट्टै थियो, व्यवस्थापन पक्ष छुट्टै थियो, किन कारबाही गरेन ? अहिले किन कारबाही प्रक्रिया अगाडि बढाएको हो । मर्जर गर्नको लागि सुविधा दिने, तर अहिले मर्जरमा लिनेलाई किन कारबाही गरेको हो ? गल्ती गर्नेलाई कारबाही गर्ने हो कि लिनेलाई ? राष्ट्र बैंक यो विषयमा प्रस्ट हुनुपर्छ ।

राष्ट्र बैंकका अनुसार हालसम्म दुई सय ६६ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल भई झण्डै ८० वटा संस्था बनेका छन् भने यसबीचमा एक सय ९० वटा जति संस्थाको इजाजत खारेज भएको छ । मर्जर तथा एकीकृत कारोबार सञ्चालनपश्चात्

➢ बाँकी पृष्ठ २ मा

# आफ्नो बौद्धिक सम्पत्तिको सुरक्षा गर्दै नेपाली उत्पादनकर्ता

■ आर्थिक संवाददाता
काठमाडौं, चैत १३

नेपाली उत्पादनको बौद्धिक सम्पत्ति सुरक्षा गर्ने क्रम बढेको छ । नेपाली उत्पादनकर्ताहरूले आफ्नो उत्पादनको संरक्षण गर्न बौद्धिक सम्पत्ति (ट्रेडमार्क, पेटेन्ट र डिजाइन) सुरक्षित गर्नेक्रम बढेको हो । स्वदेशी उत्पादनका ब्रान्ड नामहरु सोनामा, लुक्ला, रोयल सुजलगायतले आफ्नो नामको बौद्धिक सम्पत्ति ट्रेडमार्क, पेटेन्ट र डिजाइनको अधिकारहरु उपभोग गर्दै आएका छन् ।

उत्पादनकर्ताले आफ्नो उत्पादनको ट्रेडमार्क, पेटेन्ट र डिजाइनको अधिकार लिएको खण्डमा स्वदेशमा मात्र नभई विश्वबजारमा पुग्दा समेत उनीहरूले पहिचान बनाउन सहज हुन्छ । बौद्धिक सम्पत्तिको महत्वबारे जानकारी हुँदै गएपछि उत्पादनकर्ताले ट्रेडमार्क, पेटेन्ट र डिजाइनलगायतका चिह्न तथा संकेत लिनेको संख्यामा वृद्धि भएको उद्योग विभागले बत(ाएको छ ।

विभागका अनुसार मासिक दर्जनभन्दा बढी उत्पादनकर्ताहरु ट्रेडमार्क, पेटेन्ट र डिजाइन आवश्यक परेको भन्दै निवेदन दिन आउनेगरेका छन् । नेपाली उत्पादनकर्ताहरूले पेटेन्ट र डिजाइनको तुलनामा ट्रेडमार्कका लागि आवेदन दिनेको संख्या बढी रहेको विभागका अधिकारीहरु बताउँछन् । स्वदेशी उत्पादनकर्ताले ट्रेडमार्क, पेटेन्ट र डिजाइनका लागि आवेदन दिँदा डिजाइन गरिएको चिह्न तथा संकेत समेत स्वदेशीपन झल्किने किसिमको हुनुपर्छ । विभागका अनुसार चालू आर्थिक वर्षको फागुनसम्म तीन हजार आठ सय १३ वटा ट्रेडमार्क

इ-पेपर हेर्नको लागि

दर्ता भएका छन् । फागुनमा मात्र छ सय ५३ वटा ट्रडमार्क र एउटा प्याटेन्ट दर्ता भएको छ । ट्रेडमार्क दर्ताको संख्या भने हरेक वर्ष बढ्दो रहेको विभागले जनाएको छ । विभागका अनुसार आर्थिक वर्ष २०७९/८० मा तीन हजार दुई सय ५४ वटा, आर्थिक वर्ष २०७८/७९ मा दुई हजार नौ सय ७९ वटा, आर्थिक वर्ष २०७७/७८ मा दुई हजार चार सय तीनवटा ट्रेडमार्क दर्ता भएको थियो । हालसम्म ६० हजारभन्दा बढी ट्रेडमार्क दर्ता भएको विभागले जनाएको छ ।

विभागकी पूर्वनिर्देशक रमिला भण्डारी विशेष ध्यान नदिँदै आएको बौद्धिक सम्पत्ति (ट्रेडमार्क, पेटेन्ट र डिजाइन)को हकमा नेपाली उत्पादनकर्ताहरूले पछिल्लो समय आफ्नो उत्पादनको अधिकार रक्षा गर्न अग्रसर भएसँगै ट्रेडमार्क, पेटेन्ट र डिजाइन दर्तामा वृद्धि भएको बत(ाउँछिन् । स्वदेशी उत्पादनकर्ताले आफ्नो उत्पादनको नक्कल नगरियोस्, बजार सुरक्षा होस्, पहिचान होस् भन्ने उद्देश्य राखी बौद्धिक सम्पत्तिको सुरक्षामा ध्यान दिन थालेको उनको भन(इ छ । आफ्नो उत्पादनसँगै ट्रेडमार्क, पेटेन्ट र डिजाइन लिएर आउने उत्पादनकर्ता उद्योगीहरूको संख्या बढेको विभागले बताएको छ ।

हाल बौद्धिक सम्पत्ति दर्ताको लागि करिब एक लाख आवेदन परेको विभागका कानुन शाखाका उपसचिव दिपक घिमिरेले जानकारी दिए । यसअघि बौद्धिक सम्पत्ति दर्तालाई लिएर स्वदेशीको तुलनामा विदेशी उत्पादनकर्ताहरु

➢ बाँकी पृष्ठ २ मा




## भारतसँग सम्झौता नवीकरण नभए नेपालमा ‘लोडसेडिङ’

काठमाडौं, चैत १३ । अबको पाँच दिनभित्र भारतसँग विद्युत् आयातसम्बन्धी सम्झौता नवीकरण नभए नेपालमा ‘लोडसेडिङ’ हुनेभएको छ । नेपालले भारतको प्रतिस्पर्धी बजारमार्फत वर्षायाममा विद्युत् निर्यात गर्दै आएको छ भने सुक्खायाममा आयात गर्दै आएको छ । नेपालमा हिउँदमा करिब दुई हजार मेगावाट विद्युत् माग हुने विद्युत् प्राधिकरणले जनाएको छ । हिउँदमा जम्मा बिजुली उत्पादन १४ सय मेगावाट हाराहारी मात्रै छ । यस आधारमा अपुग हुने करिब छ सय मेगावाट भारतको प्रतिस्पर्धी बजारबाट आयात गरेर आपूर्ति गरिन्छ ।

विद्युत् प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईएक्स)को डे-अहेड बजारबाट बिजुली आयात निर्यात गर्दै आएको छ । नेपालले २०७८ वैशाखमा पाँच वर्षका लागि यो बजारमा कारोबार गर्ने अनुमति पाएको थियो । तर, यो अनुमति हरेक वर्ष नवीकरण गर्नुपर्छ । गतवर्ष चैत १८ गते (३१ मार्च)का दिन नवीकरण भएकोमा यस वर्ष सोही दिनभित्र नवीकरण हुनुपर्छ ।

अब पाँच दिनभित्र

➢ बाँकी पृष्ठ २ मा

# कृष्णबहादुरप्रति गृहमन्त्रीको ‘राजकीय करुणा’

■ केदार सुवेदी

गएको हप्ता अदालतको आदेशबाट पक्राउ परेका सुन तस्करीका अभियोगी माओवादीका उपाध्यक्ष कृष्णबहादुर महरा गृहमन्त्रीको आदेशबाट छुटे । त्यसपछि सबैतिर प्रश्न उठेको छ, गृहमन्त्रीलाई त्यस्तो अधिकार छ ?

सामाजिक सञ्जालमा व्यापक भएपछि गृहमन्त्रीले जवाफ दिए, ‘राज्यको करूणा जागेर यस्तो भएको हो ।’

यो पक्राउ आफैंमा सामान्य थिएन तर त्योभन्दा झन् ठूलो असामान्य कुरा, एक पैसा धरौटी नराखी हाजिरी जमानीमा छाडियो ।

महरा पक्राउ पर्ने काम कस्तो हो भन्ने उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको दल रास्वपाका उपाध्यक्षले महरा छुटेको भोलिपल्टसम्म पनि उनलाई पक्राउ गर्नु धेरै ठूलो काम गरेको भनेर बताइरहेका थिए । तर, महरा शुक्रबार नै छुटे । त्यसको भोलिपल्ट रास्वपाका उपाध्यक्ष स्वर्णिम वाग्लेले एउटा सार्वजनिक कार्यक्रममा भनेका थिए, ‘रास्वपाबाट सरकारमा गएका मन्त्रीहरूले फिल्मको ‘ट्रेलर’ सुरू गरिसकेका छन् ।’ उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले गरेका काम त आजसम्म कसैले गर्नै सकेका थिएनन् । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’का मित्र एवं सत्तारूढ दल नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष कृष्णबहादुर महरालाई पक्राउ गरिनु धेरै ठूलो र साहसी कुरा हो । उनकै शब्दमा– ‘–तपाईँहरूलाई थाहा छ, कृष्णबहादुर महरा भनेको चानचुने राजनीतिक पात्र होइनन् । २०६२/०६३ पछि त उहाँ उपप्रधानमन्त्री, सभामुख, गृहमन्त्री, परराष्ट्र मन्त्री, अर्थमन्त्री

**टिप्पणी**

दोहोऱ्याई, तेहऱ्याई हुनुभएको छ’, उनले भने, ‘बहालवाला प्रधानमन्त्रीका अनन्य मित्र, त्यति नजिकको पात्रलाई पनि हामीले कानुनको घेराभित्र ल्याएका छौँ । त्यो सानो कदम होइन, त्यसले एउटा संकेत गरेको छ । कृष्णबहादुर महरा समेत सत्तासँग यति नजिक, सत्तारूढ दलको उपाध्यक्षलाई समेत कानुनी घेरामा ल्याउन सक्छौँ भने अरू त त्यति ठूलो रहेन । त्यो सङ्केत दिन खोजेको पनि हो ।’

महरा यतिठूलो प्रकरणमा पक्राउ परेर सबैभन्दा कम समय, जम्मा चार दिन मात्र हिरासतमा बस्ने व्यक्ति हुन् । अरूहरूलाई यस्तै प्रकरणमा लागू भएका कानुनअनुसार गरिएका भए उनी पनि ६० दिन हिरासतमा बस्नुपर्ने थियो ।

अर्को, यस्ता अभियोगीलाई कति दिन हिरासतमा राख्ने भन्ने अदालतको आदेशमा भर पर्छ । तर, महराले गृहमन्त्रीको आदेशबाट हिरासतमुक्त हुन पाए । यसै कारण पनि सामाजिक सञ्जालमा गृहमन्त्रीको यो काम सबैभन्दा बढी भाइरल भइरहेको छ ।

नाटकीयरूपले पक्राउ परेका महरालाई चार दिनमा नै हाजिरी जमानीमा छाडेपछि लामिछानेको यस्तो कामको व्यापक विरोध भयो । त्यसको जवाफ दिँदै उनले पनि सामाजिक सञ्जालमा नै लेखे, ‘राज्यको करूणा जागेर उनलाई छाडिएको हो ।’

‘कहिलेकाहीँ मानवीय समवेदना र करूणाका कुराहरु छाउँछन् । ८–१० वटा औषधी सेवन गरिरहनुभएको छ । अत्यन्त धेरै बिरामी हुनुहुन्छ । सम्मानित अदालतले पनि बिरामी हुनुभएको कुरालाई इङ्गित गरेको छ र कतिले उहाँलाई देखायो, छोड्यो भनेर तुरुन्तै निराशा जनाउनुभएको छ । राज्य निर्मम पनि हुन्छ, कठोर पनि हुन्छ । तर, राज्यसँग करूणा भएन भने त्यो अन्याय हुन जान्छ । त्यसैले अत्यन्त धेरै बिरामी, अत्यन्त नाजुक स्वास्थ्य अवस्था भएको मान्छेलाई कसैको हाजिरी जमानीमा छोडिएको कुरालाई अतिरञ्जित गरिरहनु पर्दैन ।’

गृहमन्त्रीले यो ठाउँमा पनि ढाँटेको पाइयो । महरा छिमेकी देशतर्फ भाग्नलागेका बेला सीमानाबाट पक्राउ गरिएको भनी त्यसबेला गृहले नै सूचना दिएको थियो । अहिले गृहमन्त्रीले भनेजस्तै त्यति साह्रो अवस्था हो भने त्यसबेला उनी कुनै अस्पतालमा हुन्थे होलान् न कि भाग्नका लागि सीमानामा ।

गृहमन्त्री लामिछानेले ‘बिरामी भएकाले माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरालाई हाजिरी जमानीमा छाडेको’ भनेर दिएको जानकारी नै काइते कुरा भएको छ । त्यसमाथि कुनै अभियोगमा अदालतको आदेशबाट पक्राउ परेका व्यक्ति अदालतको आदेशबाट मात्र रिहा हुन सक्तछ । गृहमन्त्रीको मन पग्लिएर आफैँलाई अदालतको काम गर्ने अधिकार रहेको भनी व्याख्या गर्न थाले भने यहीँबाट कानुनी शासनको अन्त्य भएको मान्नुपर्ने हुन्छ ।

➢ बाँकी पृष्ठ २ मा

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/१४ गते)

लिलाधर रिमालको नाति, नन्द प्रसाद रिमालको छोरा गंगा देवि रिमालको पति नवलपरासी जिल्ला गैडाकोट न.पा. वडा नं ०४ बस्ने हरिकृष्ण रिमाल (ना.प्र.नं. ३५५१०, जारी मिति २०३९/११/३०) को मिति २०८०/१०/११ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गैडाकोट शाखामा रहेको खाता नं. १०६००८१२०४२००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा बुद्धि सागर रिमालले यस बैंकको गैडाकोट शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय गैडाकोटमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय गैडाकोट फोन नं. ०७८-५०३२२७

## ग्लोबल आइएमई बैंक लि.

### निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको सेतोपुल शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका गंगा दत्त जोशिको मिति २०८०/१०/१४ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती लक्ष्मी कुमारी पन्तबाट मिति २०८०/११/०१ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदावी गर्न आउनुहोला । सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
सेतोपुल, धनगढि शाखा
फोन नं. ०९१-५२६९२३४
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Mania World Services Pvt. Ltd** इजाजत पत्र न. १५४६/०७८/०७९ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्वन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्वन्धित सबैमा जानकारी गराइन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न | नाम | कर्मचारीको पद | ठेगाना |
|---|---|---|---|
| १ | प्रेम लाल श्रेष्ठ | एकाउन्टण्ट | गोकर्णेश्वर-८, काठमाडौं |
| २ | प्रज्वल श्रेष्ठ | डकुमेन्टेशन | गोकर्णेश्वर-८, काठमाडौं |
| ३ | आश्था श्रेष्ठ | रिसेप्सनिष्ट | गोकर्णेश्वर-८, काठमाडौं |
| ४ | नरकुमारी कार्की | कार्यालय सहयोगी | उदयपुरगढी-८, उदयपुर |

**Mania World Services Pvt. Ltd**
Gov. Lic No. 1546/078/079
Koteshwor-32, Kathmandu, Tel, 01-5147316
Email: cv@maniaws.com, Website : maniaws.com

## गल्ती....

कारबाही गर्नै राष्ट्र बैंकको गलत नजिरका कारण अहिले मर्जरमा सामेल भएका धेरैवटा संस्थाहरूमा गम्भीर कैफियत देखिएको घटना सार्वजनिक हुन सक्छ । राष्ट्र बैंकले मर्जर तथा प्राप्ति प्रक्रियामा जान प्रोत्साहन गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई नीति(तगतरूपमा सहुलियत पनि दिएको थियो । चुक्ता पुँजी वृद्धिलगायतका व्यवस्था गरेर औपचारिक तथा अनौपचारिकरूपमा दबाब पनि दिएको थियो । सोही कारण पनि मर्जरप्रक्रिया सफल भएको राष्ट्र बैंकको दाबी छ । राष्ट्र बैंकले संख्यात्मकरूपमा मर्जरलाई सफल भएको माने पनि यसभित्र धेरै समस्या भने छन् र ती समस्या अहिले क्रमिकरूपमा सतहमा आउन थालेको बैंकरहरु बताउँछन् ।

राष्ट्र बैंकले गुणात्मकभन्दा पनि संख्यात्मक मर्जरलाई दबाब दियो, त्यही कारण कमजोर र खराब अवस्था भएका बैंक तथा वित्तीय संस्थाहरूको सबै किसिमको दायित्व मर्जर वा प्राप्तिमा सहभागी गराउने संस्थामा हस्तान्तरण भयो । एक हदसम्म वित्तीय अपराध नै हस्तान्तरण भयो । राष्ट्र बैंकले गुणात्मक मर्जरलाई ध्यान दिएको भए मर्जरअघि नै जुन-जुन संस्थामा समस्या थियो र त्यो समस्यामा जिम्मेवार व्यक्तिलाई कारबाही गर्न सक्थ्यो । त्यतिबेला पनि राष्ट्र बैंकले ती संस्थाको अनुगमन, सुपरीवेक्षण र नियमन गरेको थियो । अहिले आएर मर्जरमा सहभागी गराउने संस्थाकै व्यावसायिक छविमा असर पर्नेगरी मर्जर तथा प्राप्तिबाट ल्याइएका व्यक्तिहरूलाई कारबाही गर्नुपर्ने अवस्था नआउने बैंकरहरूको भनाइ छ ।

मर्जर तथा प्राप्तिप्रक्रियाबाट वित्तीय अपराध हस्तान्तरण भएको कुरामा राष्ट्र बैंकका उच्च अधिकारीहरु भने सहमत छैनन् । 'होला मर्जर तथा प्राप्तिप्रक्रियामार्फत एकीकृत कारोबार गरेका संस्थाहरूमा केही समस्या हुन सक्छन्, तर त्यस्तो अपराध हस्तान्तरण हुने भन्ने कुरा हुँदैन । पहिला ऋण दिएको हुन्छ पछि आएर ऋण दिंदा गरेको बदमासी थाहा हुन्छ । जब कर्जाको साँवा र ब्याजको किस्ता नियमित आउँदैन अनि धितो कमजोर हुन्छ, अहिले अनुगमन गर्दा गाभिएका पुराना केही संस्थाहरूमा त्यस्तो समस्या देखिएको हो, वित्तीय अपराध हस्तान्तरण भएको होइन', राष्ट्र बैंकको भनाइ छ । बैंकिङ क्षेत्रमा मर्जर प्राप्ति प्रक्रिया सफल भएसँगै अहिले बीमा कम्पनीहरूमा पनि मर्जर तथा प्राप्तिको लहर चलेको छ । जुन राष्ट्र बैंकको मर्जर तथा प्राप्तिसम्बन्धी नीतिको सफलतापछि सम्भव भएको राष्ट्र बैंकका एक उच्च अधिकारीको भनाइ छ ।

## लक्ष्मी सन्राइज बैंक लिमिटेड

### शाखा कार्यालय, धनगढी

### निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

पत्वा थापाको बुहारी, तुले थापा क्षेत्रीको श्रीमती, कैलाली, धनगढी उ.म.न.पा. वडा नं. २ भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. २ बस्ने धौली देवी थापाको मिति २०८०/११/१७ मा मृत्यु भएको कारण यस बैंक (साविक सन्राइज बैंक) को शाखा कार्यालय धनगढीमा निज मृतकको खाता नं. ००९०९१३९५३३०१००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी निज मृतकको छोरा नाता पर्ने पत्वा थापाको नाति, तुले थापा क्षेत्रीको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. २ बस्ने राम बहादुर थापाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/१४ गते)

गुपा सिंह अवालको नाति कान्छा अवालको छोरा मैया अवालको पति भक्तपुर जिल्ला भक्तपुर न.पा वडा न ०५ बस्ने तुल्सी भक्त अवालको मिति २०८०/१०/१० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको ब्यासी शाखामा रहेको तुल्सी भक्त अवालको खाता न १२५००५८७२०७००००१मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमति मैया अवालले यस बैंकको ब्यासी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय ब्यासीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय ब्यासी, भक्तपुर फोन नं. ०१-६६१२२६१

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१२/१४)

हिम प्रसाद कंडेलको नाति, पुरुशोत्तम राज कंडेलको छोरा, नुवाकोट जिल्ला, बेल्कोटगडी न.पा. वडा नं. १० (हाल: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०) बस्ने पुकार कंडेल (ना.प्र.नं. २५-०१-७४-०५४३६, जि.प्र.का. नुवाकोट) ले यस बैंकको न्यूरोड पोखरा शाखामा देहायका बचत खाता नं. ००५००७८६४८०००११ संचालन गर्दै आउनु भएकोमा निजखातावाला पुकार कंडेलको मिति २०८०/१०/०२ मा निधन भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको आमा भागवती कंडेलले मिति २०८०/११/०६ मा निवेदन गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित बचत खातामा भएको रकममा अरु कसैको हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ-आफ्नो भएको सबुद प्रमाण सहित यस बैंकमा हकदावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग दाबी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, न्यूरोड पोखरा

## आफ्नो....

ठूलो संख्यामा आउने गरेका थिए । तर, पछिल्लो समय विदेशीसँगै स्वदेशी उत्पादनकर्ताहरु समेत बौद्धिक सम्पत्तिको रक्षा गर्नका लागि विभागसमक्ष आउने गरेको उनले बताए ।

विदेशी उत्पादनकर्ताहरूको हकमा भने अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ब्रान्डहरु बौद्धिक सम्पत्ति दर्ता गर्न आउने गरेका छन् । उनीहरूले आफ्नो उत्पादनको ट्रेडमार्क, पेटेन्ट र डिजाइन तथा चिह्न अन्य उत्पादनकर्ताहरूले नक्कल नगरून् भनेर विभाग पुग्नेगरेका छन् । यसरी बौद्धिक सम्पत्तिको सुरक्षा गर्नेमा नेपालमा रहेको बहुराष्ट्रिय कम्पनीहरूको उत्पादन जस्तोः कोकाकोला, पेप्सी, युनिलिभर, अमुल, नाइक, कान्साइ पेन्टलगायत छन् ।

नेपाली उत्पादनकर्ताहरूले भने बौद्धिक सम्पत्तिको रक्षा नगर्दा आफ्नो उत्पादन समेत अन्य मुलुकका व्यवसायीहरूले पहिचान दिएर विश्वबजारमा पुऱ्याउने गरेका छन् । विशेषगरी नेपालमा उत्पादित सामग्रीहरूलाई भारतीय व्यवसायीहरूले आफ्नो उत्पादन भनी विविध चिह्न राखी विश्वबजारमा पुऱ्याउनेगरेका छन् ।

विभागमा हालसम्म करिब ६० हजार ट्रेडमार्क दर्ता भएका छन् । जसमध्ये करिब ३० हजार स्वदेशी र २५ हजार विदेशी छन् । करिब तीन सयवटा पेटेन्ट तथा डिजाइन दर्ता भएका छन् । ट्रेडमार्क, डिजाइन र पेटेन्ट दर्ताका लागि आएपछि विभागले दाबी/विरोध गर्नका लागि सूचना आह्वान गर्दछ । उक्त सूचना आह्वान गरेको खण्डामा दाबी/विरोध नआएमा बौद्धिक सम्पत्तिको दर्ता गर्छ ।

नेपाली उत्पादनकर्ताहरूमा बौद्धिक सम्पत्तिसम्बन्धी चेतना उजागर भए पनि नक्कल गर्ने प्रवृत्ति भने कायम रहेको निजी छाता संगठन नेपाल घरेलु तथा साना उद्योग महासंघले जनाएको छ । नेपालको अर्थतन्त्रमा विश्वका उपभोक्तामाझ परिचित चिह्न, डिजाइन ट्रेडमार्क नक्कल गरी आफ्नो उत्पादनमा राख्ने प्रवृत्तिमा कमी आए पनि त्यसको पूर्ण बन्देज हुन नसकेको महासंघका निवर्तमान अध्यक्ष श्यामप्रसाद गिरीले बताएका छन् ।

नेपालको अर्थतन्त्रमा घरेलु तथा साना उद्योगको योगदान ५० प्रतिशतभन्दा बढी भए पनि यसले बौद्धिक सम्पत्तिको विषयमा विचार पुऱ्याएको पाइँदैन । जसले गर्दा यस्ता उद्योगबाट उत्पादित सामग्रीहरु अन्य मुलुकका व्यवसायीले आफ्नो पहिचान राखेर विश्वबजारमा पुऱ्याउने सम्भावना छ ।

विभागमा भारतीय व्यवसायीले नेपाली उत्पादन नक्कल गरेको भनी उजुरी आएको छ । नेपालमा लोकप्रिय बनेको चोकोफन चक्कलेट, रसिलो चक्कलेट, एमडीएच मसलालगायतका उत्पादनमा नेपाली उत्पादनकर्ता र भारतीय उत्पादनकर्ताबीच विवाद देखिएको छ । नेपाली उत्पादनकर्ताहरूले चोकोफन चक्कलेट, रसिलो चक्कलेट, एमडीएच मसला आफ्नो उत्पादन भएको भन्दै विभागसमक्ष उजुरी दिएका छन् । विभागले चोकोफन नक्कली उत्पादन चोकोज गरेको भन्दै भारतीय उत्पादनमा रोक लगाएको छ भने एमडीएच मसलाको हकमा नेपाली उत्पादन भएको भन्दै भारतीय पक्षले फैसला चित्त बुझाएको छ । करिब दुई महिनाअगाडि गरेको फैसलामा भारतीय व्यवसायीहरूले एमडीएच उत्पादनमा आफनो कुनै दाबी नहुने भन्दै फैसला स्वीकार गरेका हुन् । त्यस्तै रसिलो र चटपटे नामक उही स्वाद, आकार, रङ्ग, प्याकेजिङको विवादमा भने फैसला हुन बाँकी छ ।

उत्पादककर्ता (कलकारखाना तथा औद्योगिक प्रतिष्ठना)ले आफ्नो उत्पादित वस्तुको विषयमा उपभोक्तालाई सहज होस् भन्ने उद्देश्यका साथ तयार गरेको ट्रेडमार्क चिह्नसहित विभागमा निवदेन दिनुपर्छ । निवेदन दिएपछि उधोग विभागका दुई अधिकारीहरूले त्यसको प्रारम्भिक परीक्षणदेखि लिएर सारभूत परीक्षण गर्छन् । प्रारम्भिक परीक्षणका क्रममा उद्योग दर्ता, प्यान दर्ता, कम्पनीका सञ्चालक समीतिहरूको निर्णयलगायत हेरिन्छ भने सारभूत परीक्षणको क्रममा नाम, चिह्न, बनोट तथा सो ट्रेडमार्कको लागि आवेदन परेको छ/छैन वा स्वीकृति दिएको छ/छैन हेरिन्छ । ट्रेडमार्क, पेटेन्ट तथा डिजाइन विभागमा दर्ता भएपछि बोधार्थका लागि विभागबाट मन्त्रालय, उद्योग वाणिज्य महासंघ, व्यपार संघ, आन्तरिक राजस्वमा पठाइने प्रचलन छ । ट्रेडमार्क, पेटेन्ट तथा डिजाइन विभागमा दर्ता भएपछि सबैको जानकारीको लागि विभागले वेबसाइटमा समेत राख्ने गरेको छ ।

## कृष्णबहादुरप्रति....

उपप्रधानमन्त्री लामिछानेले आफूले गरेको गैरकानुनी काम अर्थात् महरा बिरामी भएकाले हाजिरी जमानीमा छाडिएको भन्ने कुरालाई कसैले विरोध गरे त्यो अतिरञ्जित हुने दाबी गरेका छन् । 'अत्यन्त धेरै बिरामी, अत्यन्त नाजुक स्वास्थ्य अवस्था भएको मान्छेलाई कसैको हाजिरी जमानीमा छोडिएको कुरालाई अतिरञ्जित गरिरहनु पर्दैन' भन्ने उनको निर्देशन छ ।

यहाँनेर प्रश्न उठ्छ, त्यस्तो नाजुक मान्छेलाई पक्राउ गर्न अदालतको आदेश किन मागे, पक्रेर ल्याएपछि हिरासतमा राख्न अर्को पनि आदेश किन मागे ?

यी सबै प्रश्नको उत्तर आउँदै गर्लान् तर महरालाई कम्तीमा सुन तस्करी प्रकरणमा योजनाबद्धरूपले मुक्ति दिइएको र त्यस काममा रास्वपाका अध्यक्ष नै प्रयोग भएका छन् भन्ने तथ्य कतै लुक्नेछिप्ने अवस्था रहेन ।

## भारतसँग...

नवीकरण नभए नेपालमा लोडसेडिङ हुने सम्भावना छ । किनभने मागभन्दा आपूर्ति निकै कम छ । भारतबाट बिजुली आयात गर्न नसके लोडसेडिङ गर्नुको विकल्प नरहेको प्राधिकरणका अधिकारीहरु बताउँछन् ।

सम्झौता नवीकरणका लागि पटक-पटक ताकेता गर्दा पनि भारतीय पक्षले चासो देखाएको छैन । गतवर्ष पनि अन्तिम दिनमा नवीकरण भएको थियो । सरोकारवालाले नेपालमा सत्ता गठबन्धनमा फेरबदल भएपछि भारतले दबाब दिन विद्युत् आयातसम्बन्धी सम्झौता नवीकरण गर्न आनाकानी गरेको हुनसक्ने आशंका गरेका छन् ।

विद्युत् आयात गर्ने सम्झौता नवीकरण किन हुन सकेन भन्नेबारे ऊर्जा मन्त्रालयका अधिकारीहरु नै अनभिज्ञ छन् । नेपालले नवीकरणका लागि पत्र पठाए पनि भारतले औपचारिकरूपमा कुनै जानकारी दिएको छैन । यद्यपि भारतमा आउँदै गरेको चुनावका कारण ढिलाइ भएको हुनसक्ने ऊर्जाका अधिकारीहरु बताउँछन् । नेपालले भारतको प्रतिस्पर्धी बजारबाट बिजुली किन्दा प्रतियुनिट मूल्य सस्तो पर्ने गरेको विद्युत् प्राधिकरणका अधिकारीहरूले दाबी गर्दै आएका छन् ।

अहिले नै बिजुली आपूर्ति कम हुँदा औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ भइराखेको उद्योगी व्यवसायीले गुनासो गर्दै आएका छन् । भारतबाट बिजुली आयात रोकियो भने उद्योगमा थप बिजुली कटौती हुने प्राधिकरणले बताएको छ ।

## Mikwakhola Rural Muncipality

### Office of Rural Muncipal Executive

### Thalang, Taplejung

### Koshi province, Nepal

## INVITATION FOR BIDS (IFB)

Date of publication:27-03-2024 (2080-12-14) 10:00

1. Mikwakhola Rural Municipality Thalang,Taplejung invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures. Some of the qualifications criteria are mentioned below, through details are in the bidding document.

| S.N. | contract identification | Description of Work | Bidding procedure | Estimated cost (Exclusive of VAT & Contingencies) Nrs. | Bid security Amount Nrs. |
|---|---|---|---|---|---|
| 1. | MRMTT/NCB/WorksRoad/ 2080-081/No:-09 | Construction Works of Tamor Janta Ma.Bi.Fungfunge Jharna Sadak | NCB | 42,83,476.69 | 1,05,275.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of **Mikwakhola Rural Municipality Thalang, Taplejung**, Koshi Province, Nepal or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp**,.Bidders, submitting their bid electronically, should deposit the cost of **Nrs 3000** bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bankdeposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of Bank: prabhu Bank Ltd.**
**Office Account Name:GA-1-1-MIKWAKHOLAGA.PA.ANTARIK RAJASWA KHATA**
**Office Account Number:2897088324800028**
**Office code no:1125401**

4. electronic bids must be submitted to the office Mikwakhola Rural Municipality, Thalang,Taplejung, Koshi province through PPMO website www.bolpatra.gov.np/egp on or before 26-04-2024 (2081-01-14) 1:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders'representatives who choose to attend at 26-04-2024 (2081-01-14)14:00 at the office of Mikwakhola Rural Municipality Thalang, Taplejung Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the cost of bid security in Bank:Mikwakhola Branch **Mikwakhola.rm@gmil.com**

Name of Bank: Prabhu Bank ltd
Office Account name:GA-3-1-MIKWAKHOLA GA.PA.STHANIYA TAHA DHARAUTI KHATA
Office Account number:2897088324800148

## विश्वनाथ एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि.

**को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सुचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५।०९।०८ मा दर्ता भएको प्रा.लि. नं. २०४९९९/०७५/०७६ को विश्वनाथ एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०।१२।०५ को विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता, लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । सो अवधीको भुक्तानी भएपछि कम्पनी कानून बमोजिम खारेजी भइजाने र कम्पनी खारेज भएपछि कोही कसैको दावी नलाग्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**दिनेश कुमार महतो, लिक्वीडेटर**
**ईजाजत पत्र नं. ४८१, मो.नं. ९८५१०५७०६६**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

पहिलो पटक प्रकाशित मिति २०८०/१२/१३

**जनमत संचार प्रा.लि.** (Janamat Sanchar Pvt.Ltd.) (प्रा.लि.नं.१५३८५५) को मिति २०८०/११/२२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी साविकको नाम **जनमत संचार प्रा.लि.** (Janamat Sanchar Pvt.Ltd.) परिवर्तन गरी **गार्भियन मिडिया प्रा.लि.** (Garviyan Media Pvt.Ltd.) कायम गर्न कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/०४ को पत्रबाट स्वीकृती प्राप्त भई आएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बिमालेख हरायो

मिति २०८०/११/०५ गते कपन देखि नयाँ बजार आउँदा मेरो निम्न व्यहोराको **सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.** मा विमा गरिएको विमालेख हराएको हुंदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानमा सम्पर्क गरी बुझाई दिनुहोला।

**नाम : शोभा ढुंगाना**
**ठेगाना : कपन, काठमाडौं**
**बिमालेख नं.: ३०१०००००५१२०**
**मोबाइल नं. : ९८४३५४६३६१**

## सर्टिफिकेट हराएको सूचना

मिति २०८०/१२/०१ गते चितवन देखि काठमाडौं जाने क्रममा मेरो कक्षा SLC देखि Master's Degree सम्मको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न मोबाईलमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : रचना कुवँर**
**मोबाईल नं : ९८०१०३७८७८**

## सडक डिभिजन नुवाकोट

### बोलपत्र आव्हानको म्याद थप सम्बन्धी सूचना

मितिः २०८०/१२/१४

यस कार्यालयको मिति २०८०/११/१४ गते को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. ०७-०८०/८१ अन्तर्गत ठेक्का नं. RDNKT/33701105/080/081–50, Rehabilitation and Upgrading Works of Gangate – Labdhu – Samundratar – Golphubhanjyang Road, Nuwakot को बिशेष कारणबश बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८०/१२/२१ गते दिनको १२:०० बजे र बोलपत्र खुल्ने मिति सोहि दिनको १३:०० बजे कायम गरिएको व्यहोरा सम्पूर्ण बोलपत्रदाताहरूको जानकारीको लागि जारी गरिएको छ ।

**डिभिजन प्रमुख**

# जिरीको व्यापार र पर्यटन प्रवर्द्धनको लागि महोत्सव हुने

■ सुबास बस्नेत

दोलखा, चैत १३



नेपालकै सुन्दर पर्यटकीय नगरी जिरीमा आगामी चैत २३ गतेदेखि वैशाख २ गतेसम्म जिरी महोत्सव हुने भएको छ । 'नेपालको स्वीजरल्यान्ड सगरमाथाको प्रवेशद्वार, समृद्ध जिरी निर्माणमा अर्गानिक, कृषि, पर्यटन, संस्कृति छन् आधार' भन्ने मूल नाराका साथ जिरी महोत्सव हुन लागेको हो ।

सो महोत्सवको तयारी र प्रचारप्रसारलाई तीव्र पारिएको महोत्सव आयोजक संस्था जिरी उद्योग वाणिज्यसँग जिरीले जनाएको छ । १० दिनसम्म चल्ने महोत्सवमा जिल्लाका नौ वटै स्थानीय तह तथा रामेछापको गोकुलगङ्गा र उमाकुण्ड गाउँपालिका साझेदार रहेका छन् । यस्तै, नेपाल पर्यटन बोर्ड, नेपाल उद्योग वाणिज्य महासङ्घ कृषि उद्यम केन्द्र, उद्योग तथा वाणिज्य कार्यालय, प्राइम कमर्सियल बैंक, एकीकृत फ्रेन्डसिप सहकारी, नेपाल पत्रकार महासंघ र राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनी महोत्सवको प्रवर्द्धक रहने जिरी उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराजा श्रेष्ठले बताए ।

महोत्सवमा जिरीभित्रका पर्यटकीय स्थललाई गन्तव्यको रूपमा विकास गर्ने, आदिवासी जनजातिहरूको मौलिक खाना, स्थानीय उत्पादन, भेषभूषा झल्कने वस्तुको स्टलहरु राखिने छ । त्यस्तै, जिरीका खानाका परिकार र गीत तथा नृत्य मुख्य प्रस्तुत हुनेछ । यस्तै, जिरी क्षेत्रको भ्रमण गराउन प्याकेजसहित यातायातको व्यवस्था गरिने अध्यक्ष श्रेष्ठले बताए । कोरोना र त्यसपछिको आर्थिक संकटले प्रभावित बनेको स्थानीय व्यापार, व्यवसायलाई उकास्ने तथा जिल्लाको धार्मिक तथा पर्यटकीय स्थल तथा जिरीका स्थानीय पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्ने महोत्सवको मुख्य उद्देश्य रहेको छ ।

महोत्सवको ५० हजार जनाले अवलोकन गर्ने अनुमान गरिएको छ । यस्तै, एक करोड आम्दानी हुने र करिब ४५ लाख खर्च हुने आयोजकले जनाएको छ । महोत्सवमा जिरीको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र पर्यटकीय क्षेत्रको सम्भावना, लगानीको क्षेत्र र भावी योजनाको बारेमा विज्ञबाट दैनिकरूपमा बहस चलाइने तथा राष्ट्रिय तथा स्थानीय कलाकारको उपस्थितिमा नयाँ वर्ष विशेष मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम रहने जनाइएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/१२/१४

यस कम्पनीको मिति २०८०/१२/०१ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **डल्ले पोखरी निर्माण सेवा प्रा.लि.** (**प्रा.लि.नं.**२२८६२६) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/०९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **डल्ले पोखरी बिजनेस प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/१४

यस कम्पनीको मिति २०७९/०७/०८ र २०८०/११/०४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **टेक.ट्राइब आइ.टी. सोलुसन प्रा.लि.** (प्रा.लि.नं.२३९८२७) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **तुला इन्टरप्राइजेज प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।



## कर्जा भुक्तान सम्बन्धी २१ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/१४ गते

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न मितिमा लिएको ऋण कर्जाको भाखा भित्र कर्जा सांवा, व्याज, हर्जाना तिर्न बुझाउन, चुक्ता गर्न पटक पटक मौखित तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरी कर्जा चुक्ता पछ्र्यौट नगर्नु भएको हुंदा कर्जा सांवा, व्याज, हर्जाना तिर्न बुझाउन, चुक्ता गर्न यो सूचना प्रकाशित गरीएको छ। अत यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र संस्थामा सम्पर्क राखी कर्जा सुबिधा लिंदा गरेको सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउन बांकी सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानीकर्ता लगाएत सम्बन्धीत सबैमा सूचित गरीन्छ। अन्यथा सो कर्जा लिने दिने सम्बन्धमा भएको सम्झौता बमोजिम बांकी बक्यौता रकम असूल उपर गर्नको लागि प्रचलित कानून वमोजिम बांकी बक्यौता रकम असूल उपर गरीने व्यहोरा यसै सूचना द्धारा जानकारी गराईन्छ। उपरोक्त कार्यबाट ऋणीको पुरै कर्जा चुक्ता फछ्र्यौट नभएमा प्रचलित कानून बमोजिम ऋणी जमानीकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत संस्थाको आफ्नो लेना असूल उपर गर्न आवश्यक कानूनी प्रक्रिया शुरु गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| क्र.स. | ऋणीको विवरण | धितो सुरक्षणको विवरण | ऋणीको फोटो | जमानी कर्ताको विवरण | ऋणीको फोटो |
|---|---|---|---|---|---|
| १. | **नामः भोला ब्यन्जन्कार**<br>**नागरिकत नः** २४६७८<br>पिताको नामः धन वीर ब्यन्जन्कार<br>बाजेको नामः कान्छा ब्यन्जन्कार<br>ठेगानाः वार्ड नं ९, च्यासल, ललितपुर | रोशन कार्की र भोला ब्यन्जनकारको नाममा रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स. वार्ड नं ७ कित्ता नं ६६९ क्षेत्रफल ०-१८-२-० (बिघा) जग्गाहरु |  | **नामः रोशन कार्की**<br>**नागरिकत नः** १९८/०६७/११/१९<br>पिताको नामः दिपक कुमार कार्की<br>बाजेको नामः वीर बहादुर कार्की<br>ठेगानाः वार्ड नं ७ इमाडोल ललितपुर |  |
| २. | **नामः रोशन कार्की**<br>**नागरिकत नः** १९८/०६७/११/१९<br>पिताको नामः दिपक कुमार कार्की<br>बाजेको नामः वीर बहादुर कार्की<br>ठेगानाः वार्ड नं ७ इमाडोल ललितपुर | रोशन कार्कीको नाममा रहेको चितवन जिल्ला कठार वार्ड नं ३ कित्ता नं ३८८ क्षेत्रफल ०-२-०-० (बिघा); कित्ता नं ५९५ वार्ड नं २क क्षेत्रफल रोशन कार्कीको नाममा रहेको चितवन जिल्ला कठार वार्ड नं ३ कित्ता नं ३८८ क्षेत्रफल ०-२-०-० (बिघा); कित्ता नं ५९५ वार्ड नं २क क्षेत्रफल ०-२-६-० (बिघा) र कित्ता नं ३०४ वार्ड नं ३ क्षेत्रफल ०-१-३-० (बिघा); रोशन कार्की को नाममा रहेको बारा जिल्ला रामपुर (टोकनी) गा.वि.स. वार्ड नं ८क कित्ता नं २३६ क्षेत्रफल ०-१-०-० (बिघा), रोशन कार्कीको नाममा रहेको पर्सा जिल्ला निर्मलवस्ती गा.वि.स. वडा नं ५ कित्ता नं ७ क्षेत्रफल ५४९० वर्ग मिटर कित्ता नं १८७ क्षेत्रफल ३४०४ .५८ वर्ग मिटर जग्गा र रोशन कार्की र भोला ब्यन्जनकारको नाममा रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स. वार्ड नं ७ कित्ता नं ६६९ क्षेत्रफल ०-१८-२-० (बिघा) जग्गाहरु |  | नामः भोला ब्यन्जन्कार<br>नागरिकत नः २४६७८<br>पिताको नामः धन वीर ब्यन्जन्कार<br>बाजेको नामः कान्छा ब्यन्जन्कार<br>ठेगानाः वार्ड नं ९, च्यासल, ललितपुर |  |
| ३. | **नामः बिनोद खड्का**<br>**नागरिकत नः** २११०४६/१८४६<br>पिताको नामः राम कुमार खड्का<br>बाजेको नामः लाल बहादुर खड्का<br>ठेगानाः रामेछाप हाल वार्ड नं १४ जावलाखेल | |  | | |
| ४. | **नामः डेनिसा उप्रेती**<br>**नागरिकत नः** २८१-०१५/५१०४६<br>पिताको नामः शिव कुमार उप्रेती<br>बाजेको नामः डम्बर बहादुर उप्रेती<br>ठेगानाः वार्ड नं ७, इमाडोल, ललितपुर | |  | | |
| ५. | **नामः नबिन डोटेल**<br>**नागरिकत नः** ३५१०१५-११३३<br>पिताको नामः भेष नाथ डोटेल<br>बाजेको नामः खड्ग प्रसाद डोटेल<br>ठेगानाः चितवन, हाल जावलाखेल, ललितपुर | |  | **नामः रोशन कार्की**<br>**नागरिकत नः** १९८/०६७/११/१९<br>पिताको नामः दिपक कुमार कार्की<br>बाजेको नामः वीर बहादुर कार्की<br>ठेगानाः वार्ड नं ७ इमाडोल ललितपुर |  |
| ६. | **नामः पुरोषोत्तम थापा**<br>**नागरिकत नः** १५७७८<br>पिताको नामः सूर्य बहादुर थापा<br>बाजेको नामः ज्ञान बहादुर थापा<br>ठेगानाः इमाडोल, वार्ड नं ७, ललितपुर | |  | | |
| ७. | **नामः शंकर वीर ब्यञ्जनकार**<br>**नागरिकत नः** ४४५३<br>पिताको नामः धन वीर ब्यन्जन्कार<br>बाजेको नामः कान्छा ब्यन्जन्कार<br>ठेगानाः च्यासल, वडा नं ९, ललितपुर | |  | | |
| ८. | **नामः थम्मन भुसाल**<br>**नागरिकत नः** ४३३२०<br>पिताको नामः तिल बहादुर भुसाल<br>बाजेको नामः चुडामणी भुसाल<br>ठेगानाः इमाडोल, वार्ड नं १, ललितपुर | |  | **नामः भोला ब्यन्जन्कार**<br>**नागरिकत नः** २४६७८<br>पिताको नामः धन वीर ब्यन्जन्कार<br>बाजेको नामः कान्छा ब्यन्जन्कार<br>ठेगानाः वार्ड नं ९, च्यासल, ललितपुर |  |
| ९. | **नामः श्री विश्व विजय श्रेष्ठ**<br>**नागरिकता नं** ५६३८<br>पिताको नामः खगेन्द्र मान श्रेष्ठ<br>बाजेको नामः कृष्ण मान श्रेष्ठ<br>ठेगानाः वार्ड नं १८, भैंसेपाटी, ललितपुर | विश्व विजय श्रेष्ठको नाममा रहेको ललितपुर जिल्ला भट्टेडांडा गाविस वार्ड नं ५(क) कित्ता नं २ क्षे.फ. १४-१०-०-० रोपनी र कित्ता नं ३ क्षे.फ. ६-८-०-० रोपनी जग्गाहरु |  | **नामः सरिता श्रेष्ठ**<br>**नागरिकत नः** ५३०७<br>पिताको नामः गंगा लाल श्रेष्ठ<br>बाजेको नामः हिरा लाल श्रेष्ठ<br>ठेगानाः वार्ड नं १८, आदिनाथ मार्ग, ललितपुर |  |
| १०. | **नामः सरिता श्रेष्ठ**<br>**नागरिकत नः** ५३०७<br>पिताको नामः गंगा लाल श्रेष्ठ<br>बाजेको नामः हिरा लाल श्रेष्ठ<br>ठेगानाः वार्ड नं १८, आदिनाथ मार्ग, ललितपुर | |  | **नामः श्री विश्व विजय श्रेष्ठ**<br>**नागरिकता नं** ५६३८<br>पिताको नामः खगेन्द्र मान श्रेष्ठ<br>बाजेको नामः कृष्ण मान श्रेष्ठ<br>ठेगानाः वार्ड नं १८, भैंसेपाटी, ललितपुर |  |
| ११. | **नामः बिशाल बिजय वःन श्रेष्ठ**<br>**नागरिकत नः** १०६०/५४९७८<br>पिताको नामः विश्व विजय श्रेष्ठ<br>बाजेको नामः खगेन्द्र मान श्रेष्ठ<br>ठेगानाः वार्ड नं १८,आदिनाथ मार्ग, ललितपुर | |  | **नामः श्री विश्व विजय श्रेष्ठ**<br>**नागरिकता नं** ५६३८<br>पिताको नामः खगेन्द्र मान श्रेष्ठ<br>बाजेको नामः कृष्ण मान श्रेष्ठ<br>ठेगानाः वार्ड नं १८, भैंसेपाटी, ललितपुर |  |

**श्रृजन बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**

लगनखेल-१२, प्रयागपोखरी, ललितपुर

फोन : ५४२०३७६



## Arun Rural Municipality
### Office of the Rural Municipal Executive
### Bhojpur, Koshi Pradesh, Nepal

**Date of Publication: 27th March, 2024**

1. **Arun Rural Municipality, Bhojpur, Koshi Pradesh. Nepal, invites electronic bids** only from Nepalese eligible bidders for the following works under National Competitive Bidding (NCB) procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office at **Arun Rural Municipality-03, Bhojpur** or may visit Arun Rural Municipality Website at: https://www.arunmun.gov.np/ or PPMO website at: www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID No. | Descriptions | Estimated Amount (With VAT) | Bid document Cost NRs | Last date of bid submission | Bid opening date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/1/MEDGOODS /ARUN/080/81 | Procurement, Supply, and Installation of Medical Goods and Supplies | 49,34,681.75/- | 3,000.00 | 12:00 Hrs. of 26th April, 2024 | 14:00 Hrs of 26th April, 2024 | **1,25,000/-** |

**Chief Administrative Officer**



## Karnali Provincial Government
### Ministry of Physical Infrastructure & Urban Development
### Infrastructure Development Directorate
Birendranagar, Surkhet

**Letter of Intent (LOI)**

**First Date of Publication: 2080/12/14 (27th March, 2024)**

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that we are going to award following contracts as per IFB No: 10-080/081 published on Aarthik National Daily dated 2080/11/18 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criteria for the provison of Section 47 of Public Procurement Act, 2063. If no bidder makes an application pursuant to Section 47 within the period of seven days of the notice referred to in Section 27 (2), the bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted.

| S. N. | Contract ID No. | Contract Title | Name & Address of Bidders | Bid Price (with VAT & PS) NRs. |
|---|---|---|---|---|
| 1. | IDD/SKT/G/NCB/ 37/080-081(Re) | Procurement of Laboratory Construction Materials Tools and Equipment | Galaxy Scientific Trade Pvt. Ltd. Tripureshwor, Kathmandu | **37,87,696.50** |

**Acting Director**



## Government of Nepal
## Ministry of Health & Population
## Pokhara Academy of Health Science, Kaski

**Invitation for Bids**

**Date of publication: 2080.12.14**

1. The Pokhara Academy of Health Science invites electronic bids from eligible bidders for the Procurement of following items under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 583500 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
4. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Rastriya Banijya Bank
   **Name of Office:** Pokhara Acaemy of Health Science, Pokhara
   **Office Code no. :** 370613901
   Office Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no. 14229
5. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2081-01-14, Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at 12:30, 2081-01-14 at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid as below mentioned amount for each package, which shall be valid for 30 days beyond the validity period of the bid.
   If bidder wishes to submit cash bid security
   **Name of the Bank:** Agriculture Development Bank,
   **Name of Office:** Pokhara Academy of Health Sciences
   **Office Account no:** 0316401591248071
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. The name and identification of the contracts are as follows:

| S. N. | Bid No | Name of Procurement | Bid Documents Fee | Package | Bid Security amount (NRS) |
|---|---|---|---|---|---|
| 1 | PAHS/NCB/GOODS/ 2080-81/33 | Procurement of Lab Reagents IV | 5000/- | A | 173000/- |
| | | | | B | 138000/- |
| | | | | C | 13000/- |
| | | | | D | 22000/- |
| | | | | E | 56000/- |
| | | | | F | 75000/- |
| | | | | G | 82000/- |
| | | | | H | 68000/- |
| | | | | I | 13000/- |
| | | | | J | 238000/- |

*DIRECTOR*

Economic National Daily आर्थिक राष्ट्रिय दैनिक

## सम्पादकीय

# आर्थिक सुधारका दलीय प्रतिबद्धता अधुरै

पछिल्लो समय १५ महिनामा तीनपटक हुने गरी एउटै प्रधानमन्त्रीको नेतृत्वमा तीनवटा समीकरण बदलिए । पछिल्लो समीकरणलाई विकास र प्रगतिका लागि भनिएको छ । यी तीनवटा समीकरण प्रधानमन्त्री आफैंले बनाएका हुन् । पछिल्लो समीकरण बन्नासाथ उनले सबैभन्दा बढी भन्ने गरेको कुरा नै यसलाई राजनीतिसँग नजोड्न र विकास र प्रगतिका भनेर हेरिदिन भन्ने पाइन्छ । तर समीकरणमा सामेल दलहरु भने केही बाहेक प्रायसः पहिलेका नै छन् । दलहरूको त समीकरण मिल्यो नै तर यो ठाउँमा यस्तो समीकरणले ल्याउने गरेका न्यूनतम साझा कार्यक्रम पनि तिनै छन्, जो पहिलो समीकरणमा उल्लेख भएका थिए र अहिले पनि फेरि तिनै कुरा लेखिएका छन् । जस्तो सुशासन कायम गर्ने र देशलाई समृद्ध बनाउने, राजस्व बढाउने, व्यापार घाटा घटाउने । तर यता त्यही कुरा भने भएका पाइएन । पछिल्लो समय देखिएका बजेटदेखि व्यापारघाटाको अंकले त्यसै भन्छन् ।

गएको फागुन २२ मा फेरिएको गठबन्धनका पाँचदलले आर्थिक शिथिलता अन्त्य गर्ने भन्दै न्यूनतम साझा कार्यक्रम ल्याएका छन् । शव्दमा फरक भए पनि कुराचाहिँ यिनै दलहरु सामेल भएको २०७९ पुस २५ मा ल्याइएको कार्यक्रमसँग मिल्छ । यता वर्ष दिनपछि फेरि त्यहीबेलाको समीकरण बन्यो र उही कुरा दोहोऱ्याइयो । तर यता आर्थिक अवस्था भने झनै जटिल मोडमा पुगेको विवरणहरूले बताएका छन् । पछिल्लो साझा कार्यक्रममा आर्थिक पक्षका बारे यसो भनिएको छ–अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने । सुस्त कर्जा प्रवाह र पुँजीगत सार्वजनिक खर्चको न्यूनताजस्ता समस्याको समाधान गर्ने, वित्तीय र मौद्रिक नीतिबीच समन्वय गर्दै, तत्कालीन र मध्यकालीन लगानी र रोजगारीमैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानुनहरु संशोधन गर्ने, सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीका रूपमा रहेको राजस्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गर्ने, विप्रेषण आप्रवाहलाई उत्पादनशील गतिविधिमा लगाउने र सेयर बजारलाई नीतिगत सुधारमार्फत चलायमान बनाउने, सहुलियतमा रहेको हरित वित्त, अन्तर्राष्ट्रिय बजारमा पहुँच र प्रविधि हस्तान्तरणलाई केन्द्रविन्दुमा राखी अतिकम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति भएपछिको सङ्क्रमणकालीन रणनीति कार्यान्वयन गर्ने, पन्ध्रौं योजनाको कार्यान्वयन अवस्थाको वस्तुनिष्ठ समीक्षासहित सोह्रौं राष्ट्रिय योजना प्रारम्भ गर्ने आदिआदि ।

अघिल्लोपटक यिनै दलका साझा कार्यकम्रमा पनि यसै भनिएको थियो । तर वर्षदिनमा अर्थमा कुनै प्रगतिको लक्षण देखिएन । खासगरी आजको दिन बजेट घाटा एक खर्ब ३८अर्ब पुगेका छ भने व्यापार घाटा नौ खर्ब २९ अर्बमा छ । महालेखा नियन्त्रक कार्यालयको सबैभन्दा पछिल्लो विवरणअनुसार चालू आर्थिक वर्ष २०८०/८१ को दोस्रो चौमासिक अवधिसम्ममा अर्थात् साउनदेखि फागुन मसान्तसम्मको आठ महिनामा सरकारको आम्दानीभन्दा खर्च एक खर्ब ३७ अर्ब ७४ करोड ९९ लाख बढी खर्च भएको छ । यो आठ महिनामा कुल रु छ खर्ब ६३ अर्ब ८३ करोड २९ लाख बराबर आम्दानी गर्दा सरकारले रु आठ खर्ब एक अर्ब ५८ करोड २८ लाख खर्च गरेको छ । यसको अर्थ हो आम्दानी र खर्चबीचको अन्तर बढिरहेको छ । महालेखाका अनुसार नै फागुन मसान्तसम्मको कुल राजस्व असुली वार्षिक लक्ष्यको ४५ दशमलव शून्य आठ प्रतिशत मात्रै छ । यो भनेको चालू वर्षको दुईतिहाइ समयबित्दा वार्षिक लक्ष्यको आधा जति पनि राजस्व उठ्न सकेन । यता साधारण खर्चको भने दायित्व बढिरहेको छ । यस्तोमा सुधारका प्रतिबद्धता कता हराए भन्ने प्रश्न पक्कै उठ्छ ।

## अर्थ वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

**Specie (सिक्का)**

सुन वा चाँदीको सिक्का । कागजी सिक्का वा नोटलाई सुन वा चाँदी बाट सुरक्षण गरिएको हुने र नोटलाई प्रस्तुत गरेमा वा नोटमा उल्लेख भएको रकम बराबरको धातु माग भएमा सो बराबरको सुन वा चाँदी पाउने धारकको अधिकार रहने गरेकोमा हाल यो व्यवस्था प्रचलनमा छैन ।

**Specific Cost (निर्दिष्ट लागत)**

कुनै खास उत्पादन, बस्तु वा सेवाको भनी छुट्टै नै खर्च, यथार्थ खर्च, प्रत्यक्ष खर्च ।

**Speculation (सट्टा जुवा)**

व्यापार तथा आर्थिक कारोबारमा औसत भन्दा बढी जोखिम छ भनी जानी जानी औसत भन्दा बढी नाफा लिने सोचले कारोबार गर्नु । खास गरी धितोपत्र, बस्तु र विदेशी मुद्राको कारोबारमा मूल्य बृद्धि हुने आशाले यस्तो कारोबार गर्ने गरिन्छ ।

**Speculator (सट्टाखोर)**

जोखिम र अनिश्चित अवस्थामा कारोबार गर्ने व्यक्ति । धितोपत्र, विदेशी मुद्रा र वस्तु वा सेवाको मूल्यतल माथि हुन सक्ने र सोबाट लाभ हुने विश्वासमा विभिन्न समय र स्थानमा खरीद विक्रीको कारोबार गर्ने व्यक्ति ।

**Spin Off (प्रतिफल)**

सञ्चालनमा रहेको कुनै कम्पनीले नयाँ स्थापना भएको कम्पनीमा पूँजी लगानी स्वरूप आफ्नो सम्पत्तिको केही अङ्श हस्तान्तरण गर्ने कम्पनीले आफ्नो शेयधनीहरूलाई सम्पत्ति लाभांशको रूपमा वितरण गर्दछ ।

# नदी व्यवस्थापनका आयाम



*विश्वनाथ खरेल*

*जलवायु परिवर्तन र नदी व्यवस्थापनमा यसको प्रभावलाई अवलोकन गर्ने हो भने अन्य धेरै देशहरूजस्तै नेपाल पनि जलवायु परिवर्तनको असरसँग जुधिरहेको छ । जसको प्रत्यक्ष परिणाम नदी व्यवस्थापनमा परेको छ । जसलेगर्दा वर्षा ढाँचामा परिवर्तन, हिमनदी पग्लने र चरम मौसमी घटनाहरूको आवृत्तिले जलस्रोतहरूको दिगोपनमा महत्वपूर्ण चुनौतीहरू खडा गरेको छ । जसमा भन्ने हो भने हिमालयका हिमनदीहरू पग्लिएर नदीको सतह बढ्ने मात्र होइन पानीको मौसमी उपलब्धतालाई पनि असर गर्छ । यी परिवर्तनहरूलाई अनुकूलन गर्न नदी व्यवस्थापनको लागि सक्रिय दृष्टिकोण आवश्यक छ । जुन लचिलो पूर्वाधारको विकास, प्रारम्भिक चेतावनी प्रणाली र दिगो पानी प्रयोग अभ्यासहरू समावेश रहेको छ ।*

हिमालयमा बसेको भू-परिवेष्ठित देश नेपाल राजसी हिमाली शृत्लाहरूबाट निस्कने नदीहरूको विशाल नेटवर्कले सम्पन्न छ । यी नदीहरूले राष्ट्रको सामाजिक-आर्थिक, सांस्कृतिक र वातावरणीय संरचनामा महत्वपूर्ण भूमिका खेल्छन् । यसरी देशमा प्रभावकारी नदी व्यवस्थापन दिगो विकासका लागि अपरिहार्य छ । किनकि यी जल निकायहरूले कृषि, जलविद्युत् उत्पादन र अन्य विभिन्न सामाजिक-आर्थिक गतिविधिहरूको लागि पानीको स्रोतको रूपमा काम गर्दछ । यसर्थ जसलेगर्दा मुलुकको नदी व्यवस्थापनका बहुआयामिक आयामहरूलाई ऐतिहासिक सन्दर्भ, वर्तमान चुनौतीहरु र भविष्यका सम्भावनाहरूको अध्ययन गर्छ । यसको साथसाथै नेपाल, प्रायः 'दक्षिण एसियाको पानी टावर' भनेर चिनिन्छ । फलतः त्यसैले होला विश्वमा ब्राजिल पछि जलस्रोतको धनी देशको रूपमा चिनिन्छ । जसलेगर्दा यस राष्ट्रमा छ हजारभन्दा बढी खोलानालाहरु बगिरहेका छन् । जसमा ८३ हजार मेगावाटभन्दा बढी जलविद्युत् निकाल्न सक्ने सम्भावना पनि रहनुका साथै देशको सबै कृषियोग्य भूमिमा सिँचाइ गरी विदेशमा समेत विद्युत् तथा जल निर्यात गर्न सक्ने प्रबल सम्भावना रहेको सम्बन्धित क्षेत्रका विज्ञहरूको भनाइ रहेको पाइन्छ । यसरी भौगोलिक विविधता, जलवायु परिवर्तन, सामाजिक-आर्थिक अवस्था र प्रतिस्पर्धात्मक चासोजस्ता विभिन्न कारकहरूबाट प्रभावित नेपालको नदीहरूको व्यवस्थापन बहुआयामिक चुनौती पनि रहेको छ । यस किसिमको जलको मुख्य उद्देश्य भनेको देशको नदी व्यवस्थापनका आयामहरूको विस्तृत विश्लेषण, ऐतिहासिक विकास, वर्तमान समस्याहरु र दिगो नदी शासनका लागि सम्भावित रणनीतिहरूको खोजी गर्ने हो ।

नेपालमा नदी व्यवस्थापनको ऐतिहासिक विकास भन्नाले देशको नदी व्यवस्थापनको वर्तमान अवस्था बुझ्नका लागि, जल शासन अभ्यासको ऐतिहासिक विकासको जाँच गर्नु महत्वपूर्ण पक्ष रहने छ । त्यसैगरी परम्परागतरूपमा, देशका नदीहरूले उनीहरूको किनारमा बसोबास गर्ने समुदायको सामाजिक-आर्थिक र सांस्कृतिक पक्षहरूमा केन्द्रीय भूमिका खेल्छन् । जुन परम्परागत जल व्यवस्थापन प्रणाली, जसलाई कुवा भनिन्छ, समुदायमा आधारित थियो र कृषि उद्देश्यका लागि जलस्रोतको न्यायोचित वितरणमा संलग्न थियो । तथापि, आधुनिक युगले नदी व्यवस्थापन अभ्यासहरूमा महत्वपूर्ण परिवर्तनहरु देखेको छ । मूलतः देशमा द्रूतरूपमा विस्तार भइरहेको जनसंख्याको बढ्दो माग पूरा गर्न ठूला जलविद्युत् आयोजना र सिँचाइ प्रणालीको निर्माण सरकारको प्राथमिकतामा परेको छ । यसरी जलस्रोत ऐन १९९२ को कार्यान्वयनले जलविद्युत् र सिँचाइ पूर्वाधारको विकासमा जोड दिंदै केन्द्रीकृत नदी व्यवस्थापनतर्फ औपचारिक रूपान्तरण गरेको छ । यसरी देशको तराई क्षेत्रको समतल मैदानदेखि हिमालयका अग्लो चुचुरोसम्मको विविधताले नदी व्यवस्थापनको जटिलतामा योगदान पुऱ्याउँछ । यी विभिन्न कारणहरूले गर्दा नदीहरूलाई व्यापकरूपमा तीन क्षेत्रमा वर्गीकरण गर्न सकिन्छ । हिमालय क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्र रहेका छन् । तसर्थ प्रत्येक क्षेत्रले नदी व्यवस्थापनका लागि अद्वितीय चुनौती र अवसरहरु प्रस्तुत गर्छ । जहाँ हिमालय क्षेत्रमा, जहाँ धेरै नदीहरु उत्पत्ति हुन्छन् । वस्तुतः हिमनदी पग्लने र पहिरोजस्ता समस्याहरूले नदीको पारिस्थितिक प्रणालीलाई खतरामा पार्छ । जसले गर्दा पहाडी क्षेत्रले पानीको गुणस्तर र नदीको आकारलाई असर गर्ने माटोको क्षरण र अवसादनसम्बन्धी चुनौतीहरूको सामना गरिरहेको छ । फलस्वरूप देशको कृषिको केन्द्रबिन्दु भएकाले तराई क्षेत्र बाढीको उच्च जोखिममा रहेको र प्रभावकारी बाढी व्यवस्थापन रणनीति आवश्यक छ ।

जलवायु परिवर्तन र नदी व्यवस्थापनमा यसको प्रभावलाई अवलोकन गर्ने हो भने अन्य धेरै देशहरूजस्तै नेपाल पनि जलवायु परिवर्तनको असरसँग जुधिरहेको छ । जसको प्रत्यक्ष परिणाम नदी व्यवस्थापनमा परेको छ । जसलेगर्दा वर्षा ढाँचामा परिवर्तन, हिमनदी पग्लने र चरम मौसमी घटनाहरूको आवृत्तिले जलस्रोतहरूको दिगोपनमा महत्वपूर्ण चुनौतीहरु खडा गरेको छ । जसमा भन्ने हो भने हिमालयका हिमनदीहरु पग्लिएर नदीको सतह बढ्ने मात्र होइन पानीको मौसमी उपलब्धतालाई पनि असर गर्छ । यी परिवर्तनहरूलाई अनुकूलन गर्न नदी व्यवस्थापनको लागि सक्रिय दृष्टिकोण आवश्यक छ । जुन लचिलो पूर्वाधारको विकास, प्रारम्भिक चेतावनी प्रणाली र दिगो पानी प्रयोग अभ्यासहरु समावेश रहेको छ । अतः देशको जलस्रोतको दीर्घकालीन व्यवहार्यता सुनिश्चित गर्नका लागि नदी व्यवस्थापन नीतिहरूमा जलवायु परिवर्तनका विचारहरूको एकीकरण महत्वपूर्ण रहेको छ । यसका अलावा नदी व्यवस्थापनको सामाजिक-आर्थिक आयामहरूलाई मध्यनजर गर्ने हो भने राष्ट्रमा विद्यमान नदीहरु लाखौं मानिसहरूको जीविकोपार्जनका लागि अत्यावश्यक छन् । यसमा पनि विशेष गरी कृषिमा संलग्नहरूमा सिँचाइका लागि पानीको न्यायोचित वितरण नदी व्यवस्थापनको प्रमुख सामाजिक-आर्थिक आयाम पनि हो । यद्यपि, पानीको अभाव, सिँचाइको अपर्याप्त अभ्यास र जलस्रोतमा असमान पहुँचजस्ता समस्याहरु जारी छन् । जसले गर्दा प्रयोगकर्ताहरु बीच द्वन्द्व निम्त्याउँछ । यसबाहेक जलविद्युत् विकास नेपालको ऊर्जा रणनीतिको आधारशीला बनेको छ । जुन विद्युत् उत्पादनका लागि नदीको बहावको दोहनले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँछ । यद्यपि, बाँध र डाइभर्सन संरचनाहरूको निर्माणले समुदायको विस्थापन र जलीय पारिस्थितिक प्रणालीको अवरोधसहित तिनीहरूको सामाजिक र वातावरणीय प्रभावहरूको बारेमा चिन्ता बढाउँछ ।

नेपालका नदी पारिस्थितिकी प्रणालीहरूले विविध वनस्पति र जीवजन्तुहरूलाई समर्थन गर्दछ । तिनीहरूलाई जैविक विविधता संरक्षणका लागि आवश्यक बनाउँछ । यसले अनियोजित विकास, प्रदूषण र बासस्थानको ह्रासले नदीको इकोसिस्टमको स्वास्थ्यमा ठूलो खतरा पैदा गर्छ । तसर्थ राष्ट्रको नदीहरूसँग सम्बन्धित अद्वितीय जैविक विविधताको संरक्षणका लागि संरक्षण प्रयासहरूलाई नदी व्यवस्थापन अभ्यासहरूमा एकीकृत गरिनुपर्छ । जुन देशको पर्यावरण संरक्षणसँग विकासलाई सन्तुलनमा राख्ने प्रयासहरूमा नदी कोरिडोरमा संरक्षित क्षेत्रहरूको स्थापना, नदीको बासस्थानको पुनःर्स्थापना र दिगो माछा मार्ने अभ्यासहरु कार्यान्वयन समावेश छन् । जुन नदी व्यवस्थापनको सन्दर्भमा आर्थिक विकास र वातावरणीय संरक्षणबीच सामञ्जस्यपूर्ण सन्तुलन कायम गर्नु चुनौतीपूर्ण रहेको छ । यसमा पनि पूर्वाधार विकास र जलविद्युत् उत्पादनको लागि देशमा जलविद्युत्को अपार सम्भाव्यता छ । यसर्थ यस स्रोतको सदुपयोग गर्नु देशको विकास रणनीतिको प्रमुख अंग हो । जुन माथिल्लो तामाकोशी र मेलम्चीजस्ता ठूला जलविद्युत् आयोजनाहरु ऊर्जा उत्पादनमा नेपालको प्रतिबद्धताका प्रतीक हुन् । यद्यपि, जलविद्युत् पूर्वाधारको विकासले वातावरणीय प्रभावहरु, पुनर्वास समस्याहरु, र बलियो नियामक ढाँचाको आवश्यकतालगायतका चुनौतीहरूको आफ्नै सेटको साथ आउँछ । जसमा साना जलविद्युत् आयोजनाको प्रवर्द्धन र वातावरणमैत्री प्रविधिको समावेश जलविद्युत् विकासका प्रतिकूल प्रभावहरूलाई कम गर्ने सम्भावित रणनीतिहरु हुन् । यसमा भन्ने नै हो भने थप रूपमा विद्यमान जलविद्युत् आयोजनाहरूको दक्षता अभिवृद्धि र सीमापार नदी व्यवस्थापनका लागि क्षेत्रीय सहयोगलाई बढावा दिनु नेपालको दिगो ऊर्जा विकासका महत्वपूर्ण पक्षहरु हुन् । त्यसरी नै सीमापार नदी व्यवस्थापनमा पनि देशले छिमेकी देशहरूसँग आफ्ना नदी स्रोतहरु साझा गर्छ । जसले अन्तर्राष्ट्रिय सम्बन्धको महत्वपूर्ण पक्ष बनाउँछ । जसमा भन्ने नै हो भने कोशी, गण्डकी र कर्णालीजस्ता नदीहरूको व्यवस्थापनमा भारत र बंगलादेशलगायत डाउनस्ट्रिम राष्ट्रहरूसँग समन्वय र सहयोग समावेश छ । जसमा पानीको प्रयोग, बाढी व्यवस्थापन र पूर्वाधार परियोजनाहरूको सम्भावित प्रभावहरूमा विवादहरु कूटनीतिक समाधान र सहयोगी दृष्टिकोणहरु चाहिन्छ । जसलेगर्दा साझा चुनौतीहरूलाई सम्बोधन गर्न र क्षेत्रीय सहयोगलाई बढावा दिन प्रभावकारी अन्तरदेशीय नदी व्यवस्थापन संयन्त्र स्थापना गर्नु आवश्यक छ । जुन डाटा साझेदारी, प्रारम्भिक चेतावनी प्रणाली र समन्वयित विपद् प्रतिक्रियाका लागि संयुक्त पहलहरूले सीमापार नदीहरूका समुदायहरूको लचिलोपन बढाउन सक्छ ।

समग्रमा भन्नुपर्दा नदी व्यवस्थापन भनेको पानी, जमिन, जैविक विविधता र इकोसिस्टम सेवाहरूजस्ता नदीका स्रोतहरूको दिगो उपयोग र संरक्षण सुनिश्चित गर्न नीति र कार्यहरु योजना, विकास र कार्यान्वयन गर्ने प्रक्रिया हो । तसर्थ देशको लागि नदी व्यवस्थापन महत्वपूर्ण छ किनभने यो धेरै नदीहरु भएको पहाडी देश हो जसले यहाँका मानिसहरूलाई विभिन्न फाइदा र चुनौतीहरु प्रदान गर्छ । अतः देशमा नदी व्यवस्थापन एक जटिल र निरन्तर प्रयास पनि हो । जुन चुनौतीको बहुआयामिक प्रकृतिलाई स्वीकार गर्दै, समग्र दृष्टिकोण अपनाएर र विभिन्न सरोकारवालाहरु बीचको सहकार्यलाई बढावा दिएर मुलुकले नदी व्यवस्थापनका जटिलताहरूलाई भन्ने नै हो भने वर्तमान र भावी पुस्ताका लागि आफ्नो अत्यावश्यक जलस्रोतको दिगो उपयोग सुनिश्चित गर्न सक्छ । तसर्थ, नदी व्यवस्थापनका लागि संस्थागत क्षमताको सुदृढीकरण, समुदायमा आधारित दृष्टिकोणलाई प्रवर्द्धन गर्ने र स्थानीय सरकारहरूको भूमिका अभिवृद्धि गर्नु अझ प्रभावकारी शासनको लागि महत्वपूर्ण कदमहरु हुन् । यसमा पनि आधुनिक वैज्ञानिक अभ्यासहरूसँग परम्परागत ज्ञानको एकीकरणले नदी व्यवस्थापनमा समग्र र दिगो दृष्टिकोणमा योगदान पुऱ्याउन सक्छ । अतः देशमा नदी व्यवस्थापनका आयामहरु जटिल र अन्तरसम्बन्धित छन् । जसले देशको भौगोलिक विविधता, सामाजिक-आर्थिक अवस्था र जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाई झल्काउँछ । यसमा पनि पारम्परिक सामुदायिक प्रणालीबाट केन्द्रीकृत शासनसम्मको ऐतिहासिक विकास, अन्तरसीमा नदी व्यवस्थापनका जटिलताहरूसँग मिलेर एउटा सूक्ष्म र अनुकूलन दृष्टिकोणको आवश्यकतालाई जोड दिन्छ ।

# वातावरण जोगाउने, आम्दानी बढाउने



*खगेन्द्रराज सिटौला*

हरियो वन नेपालको धनलाई व्यवहारमा चरितार्थ गर्ने मन पृथ्वीनारायण शाहमा भएकाले नै जडीबुटीमा उनको आँखा पुगेको हो । जडीबुटीलाई निर्यात गरेर विदेशी मुद्राका साथै राष्ट्रिय आय बढाउने महत्वपूर्ण स्रोतको रूपमा लिनुपर्ने निर्देशन दिंदै पृथ्वीविचार अघि सरेको छ । नेपालका सुन्दर वनभित्र प्रकृतिले उपहार दिएका मूल्यवान जडीबुटीलाई धनको ढिकुटीमा बदल्ने पृथ्वीविचारलाई व्यवहारमा लागू गर्न नेपाली नेपालका वनभित्र पस्नैपर्ने हुन्छ । वातवरण जोगाउन वन चाहिन्छ, वनमा धन पनि पाइन्छ । वन जोगाउन र वनलाई धनमा रूपान्तरण गर्न मन पनि चाहिन्छ जडीबुटीको विकास, विस्तार, अध्यायन, अनुसन्धान, संरक्षण गर्दै त्यसलाई निर्यातका लागि नियमित र भरोषायोग्य वस्तु बनाउनका लागि नै पृथ्वीविचार अघि सरेको हो । यो आम्दानीसँग मात्र होइन वातवरणसँग पनि जोडिएको विषय भएकाले यो आफैँमा वातावरण मैत्री पृथ्वीविचार पनि हो । यो वातावरण जोगाउने र आम्दानी जोड्ने विषय भएकाले छलफलको प्रमुख विषय यसैलाई बनाउन कोसिस गरिएको छ । अर्थात् वातावरण जोगाउने र आम्दानी जोड्ने ।

जडीबुटीको विकास गर्नु भनेको वनको पनि विकास गर्ने हो । किनभने जडीबुटीको लागि वन नै चाहिन्छ । यो पनि सत्य हो कि जहाँ वन, जडीबुटी वनस्पतिहरु धेरै पाइन्छ । त्यहाँको वायुमण्डल वा वातावरण शुद्ध पाइन्छ । त्यसैले जडीबुटीको साइनो वन संरक्षणसँग छ भने वन र जडीबुटीको साइनो वातवरण संरक्षणसँग छ । यसबाट स्पष्ट हुन्छ कि पृथ्वीविचार वातवरण संरक्षणको विचार पनि हो, वातवरणमैत्री विचार पनि हो । तसर्थ, वातावरणका लागि लड्नेहरूले पृथ्वीनारायण र पृथ्वीविचारलाई सही ढंगले बुझेरअघि बढ्नु पर्छ । नेपालमा वातवरण संरक्षणको विचार नेपाल एकीकरण अभियानसँगै अघि सरेको हो । नेपालमा जडीबुटीले प्राथमिकता पाउनु भनेको वन जंगलले प्राथमिकता पाउनु हो । वा जंगलले प्राथमिकता पाउनु भनेको वातावरणले प्राथमिकता पाउनु हो । वातवरणमैत्री पृथ्वीविचार भनेको वनजङ्गल, जडीबुटी, बोटबिरूवाले मुलुक हराभरा बनाएर वातवरणीय शुद्धता बनाइराख्नु हो ।

जडीबुटी वनजंगलसँग सम्बन्धित भएकाले यो वनजंगल संरक्षणको विषय पनि हो । वनजंगल संरक्षित, हुनु, बढ्नु फैलनु भनेको वनजंगलमा बस्ने जंगली जनावर बढ्नु, उनीहरु संरक्षित हुनु र फैलनु पनि हो । जंगल जनावर फैलनु भनेको आफैँमा वातवरणको शक्ति र शुद्धता र शक्ति फैलनु र बढ्नु हो । वनजंगल, जडीबुटी जनावर चराचुरूङ्गी फैलनु भनेको नेपालमा पर्यटकहरूको आगमन बढ्नु फैलिनु हो । नेपालमा पर्यटकको आगमन बढ्नु भनेको पृथ्वीनारायणले भनेजस्तो नगद खैंचिने आधार बन्नु र बढ्नु हो । यसरी वातावरण बनाएर बढाएर आम्दानी बढाउने आधार पृथ्वीविचारले अघि सारेको छ । नेपालमा वातावरणसँग सम्बन्धित भएर काम गर्ने धेरै संघसंस्थाहरु छन् । तर ती संस्था तथा संस्थासँगका सम्बन्धितहरूको ध्यान पृथ्वीविचारतिर गएको पाइएको छैन । कम्तीमा पनि उनीहरूलाई पृथ्वीविचार वातावरण मैत्री तथा वातवरणको संरक्षणतिर पनि आकर्षित विचार हो भन्ने तत्व बोध भने भएकै हुनुपर्छ । वन मन्त्रालय तथा वातावरण मन्त्रालय सम्हालेर बसेकाहरूमा पनि यो कुराको हेक्का भएकै हुनुपर्छ । पृथ्वीविचारलाई बिर्सेर वनजंगल वातावरणको संरक्षण हुन सक्दैन र जडीबुटी निर्यात गरेर नगद खैंचने पृथ्वीनारायणको उद्देश्य समेत पूरा हुन सक्दैन ।

नेपालका प्रमुख तीन नदी कोशी, गण्डकी, कर्णाली जलाधार क्षेत्रका हिमाली, पहाडी तथा तराई सबै क्षेत्रमा प्रशस्त जडीबुटीका भण्डार छन् । अर्थात् सबै क्षेत्रमा प्रचुर मात्रमा जडीबुटी पाइन्छन् । उर्भर जमिन कञ्चन हिमाली जल, पवित्र जडीबुटीको नेपाल हो । यस्तो महिमाप्रति नेपाल कहिल्यै गम्भीर भएको पाइएको छैन, पृथ्वीनारायणपछि अहिले गणतन्त्रसम्म आइपुग्दा पनि । पुष २७ गते पृथ्वी जयन्ती मनाउनेहरु तथा नमनाउनेहरु कसैले पनि पृथ्वीविचारमा निहीत जडीबुटीको अर्थ र वातावरणीय महत्व सम्झन सकेको पाइएन । यसलाई कसैले गहनरूपमा सम्झेनन् अथवा हलुकारूपमा औपचारिकता मात्र निभाए । यसको कारणले जडीबुटीको विकास पनि हुन सकेन र वातावरणको पनि संरक्षण हुन सकेन । के अब ब्युँझनुपर्ने भएन र ?

विदेशीको दाना खाएर विदेशीको भाकामा गाना गाएर नेपालमा वातावरणको संरक्षण हुन सक्तैन । नेपालमा वातावरणको क्षेत्रमा काम गर्ने सबै वातवरणविद् वा वातावरणवादी सबैले बुझ्न ढिला गर्नुहुँदैन । पृथ्वीविचारले नेपालको वातावरणवादी आन्दोलनलाई नेतृत्व र निर्देशन गर्न सक्ने यथार्थता बुझेमा मात्रै नेपालमा वातवरण संरक्षणको क्षेत्रमा ठीक ढंगले अघि बढ्न सकिन्छ । जडीबुटीको लागि जंगल, जंगलका लागि जडीबुटी वातावरणीय शुद्धताका लागि जंगल र जडीबुटी आर्थिक समृद्धिका लागि जंगल, जडीबुटी र वातावरणीय स्वच्छता एक अर्कामा अन्योन्याश्रित छन् । पृथ्वीनारायणले जडीबुटीमार्फत धेरै भनेका छन् । जडीबुटीसँग प्रकट अप्रकट धेरै कुरा जोडेका छन् । जडीबुटीसँग अर्थ जोडेका छन्, स्वास्थ्य र वातवरण जोडेका छन् । पृथ्वीविचार वातावरण संरक्षणको विचार पनि हो भन्ने अन्य तथ्य र दृष्टान्तले प्रमाणित गर्छ ।

पृथ्वीनारायणले बग्ने पानीलाई उच्च महत्व दिएका छन् । उनले जमेको पानीभन्दा बगेको पानी खाने कुरामा जोड दिएका छन् । स्वास्थ्य स्फूर्तिका लागि पनि उनले बग्ने पानीलाई नै प्राथमिकता दिएका छन् । शुद्ध पानीका मूल, मुहान, झरना, खोलानाला नदीहरु र यिनका स्रोत हिमालय शृङ्खला आदि सबै स्वच्छ र शुद्ध बनाइरहने पृथ्वीविचारले भन्छ । पानी पनि वातावरण र आम्दानीसँग अलग्याउनै नसकिने प्रकृतिको वरदान हो । जडीबुटी वनजंगल बोटबिरूवा आदि इत्यादि हराभरा सबैतिर पानी जोडिएको हुन्छ । यसरी बग्ने शुद्ध पानीमार्फत पनि पृथ्वीविचार वातवरणसँग जोडिएको छ । वातावरणसँग जोडिएका हिमाल, पानी, जडीबुटी, वनजंगल आदि सबै आम्दानीसँग जोडिएका छन् । अथवा जोड्न सकिन्छ । त्यसैले पृथ्वीविचार वातावरण जोगाउने र त्यसलाई आम्दानीसँग जोड्नेमा स्पस्ट छ ।

खेतीयोग्य जमीन बस्तीले नढाक भनेर पृथ्वीनारायणले निर्देशन विचार अघि सारेका छन् । अर्थात् जताततै अन्नबाली फलफूल वा नगदेबाली आदि इत्यादिको हरभरा होस् । जताततै कृषि उत्पादनसँग जोडिएर आउने बोट बाली रूखबिरूवा आदि इत्यादिको हरभरा भइरहने हो भने यो आफैँमा वातावरणमैत्री हो, आम्दानी मैत्री हो । आँखाले हेरेर भ्याइनसक्ने सयौं हेक्टरका ठूलाठूला कृषि फर्म हुन्, लहलह हरियाली होस्, पहेलपुर होस्, के यो आफैँमा वातावरण जोगाउने र आम्दानी बढाउनेमा दर्ज हुँदैन र ? कतै फलफूलको जंगल होस्, कतै खाने अन्नको खेती होस् त कतै तरकारीको खेती होस्, कतै चिया कफीको जंगल होस् त कतैकतै जडीबुटीको प्राकृतिक खेती र कतै मानव सिर्जित खेती । यी सबै एकैपल्ट वातावरण जोगाएर आम्दानी बढाउने प्रमाणित हुनेछन् । खेतीपाती व्यवसायलाई यसरी अगाडि बढाउने हो भने प्रत्यक्ष आम्दानी दिन्छ । जसले खेती गर्छ अप्रत्यक्ष योगदान वातावरणको क्षेत्रलाई दिन्छ । यसरी प्रत्यक्ष अप्रत्यक्ष पृथ्वीविचार वातावरण जोगाउँदै आम्दानी बढाउनेमा जोडिएको छ ।

नेपालमा वातवरणको लागि काम गर्ने भनेर धेरै अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले काम गर्दै छन् । वास्तवमा तिनीहरु प्राकृतिक वातावरण सपार्ने आवरणमा नेपालको सामाजिक वातावरण बिगार्ने काममा तल्लीन छन् । नेपाललाई त्यस्ता वातावरणवादी चाहिएको होइन । हामीलाई वातावरण मैत्री पृथ्वीविचार भए पुग्छ । प्रकृतिको वातावरण पनि मानव अझ प्राणीमैत्री भएर बाँचोस् र सकारात्मक अर्थतन्त्रमैत्री वातावरण बनाएर त्यसबाट मुलुकले अर्थोपार्जन गर्न पनि सकोस् । हरियो नेपाल आफैँमा आर्थिक हिसाबले बलियो नेपाल हो । वातावरण जोगाएर आम्दानी बढाउने पृथ्वीविचारले यही भन्छ । हरियो नेपाल बलियो नेपाल वातवरणमैत्री सबल अर्थतन्त्र पृथ्वीविचारको मूल मन्त्र ।

# श्रीलंकाको केन्द्रीय बैंकले घटायो ब्याजदर

एजेन्सी
कोलम्बो, चैत १३

श्रीलंकाको केन्द्रीय बैंकले स्थायी निक्षेप सुविधा दर (एसडीएफआर) र स्थायी ऋण सुविधा दर (एसएलएफआर) घटाएको छ । मुद्रास्फीति नियन्त्रणमा आउने सङ्केतहरू देखापरेपछि केन्द्रीय बैंकले स्थायी निक्षेप सुविधा दर ५० आधार अंकले घटाएर आठ दशमलव पाँच प्रतिशत र स्थायी ऋण सुविधा दर ५० आधार अंकले घटाए र नौ दशमलव पाँच प्रतिशतमा झार्ने निर्णय गरेको छ ।

केन्द्रीय बैंकले मुद्रास्फीति दर पाँच प्रतिशतको सीमाभित्र कायम राख्ने प्रयास भइरहेको उल्लेख गरेको छ । केन्द्रीय बैंकले अर्थतन्त्रलाई निर्धारित लक्ष्यमा पुर्‍याउन आन्तरिक तथा बाह्य आर्थिक घटनाक्रमको विस्तृत मूल्यांकनपछि यस्तो निर्णयमा पुगिएको जनाएको छ ।

कमजोर माग, मुद्रास्फीतिको अवस्था, बाह्य क्षेत्रको दबाबलाई हेरेर ब्याजदर घटाउनेसम्बन्धी निर्णयमा पुगेको केन्द्रीय बैंकले जनाएको छ । आर्थिक गतिविधि निर्धारित लक्ष्यभन्दा तल रहने अनुमान गरिएकाले केन्द्रीय बैंकले आगामी दिनमा मुद्रास्फीतिबाट आउने सम्भावित जोखिमलाई हेरेर विश्लेषण गरिएको जनाइएको छ ।

केन्द्रीय बैंक सञ्चालक समितिले न्यून ब्याजदर, कर्जा विस्तारमा सहजीकरण, वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलगायत मौद्रिक उपकरणहरूको प्रयोगबाट अर्थतन्त्रलाई सहज बनाउने नीति लिएको बताइएको छ । बढ्दो मुद्रास्फीतिको सामना गर्न श्रीलंकाले सन् २०२२ मा ब्याजदर बढाएको थियो ।


## शारदा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित सुचना मिति : २०८०/१२/१४ गते

यस कार्यालय बाट मिति २०८०।११।०४ गते आह्वान गरिएको बोलपत्र नं. SMO/NCB/W/07/2080/081 Maintenance of Barala Madam Kada Road को सुचना अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुको मुल्याङकन गर्दा न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र तपसिल मोजिम निर्णय गरीएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि यो सुचना प्रकाशित गरीएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

| ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | छनोट गरीएको बोलपत्रको विवरण | कबोल अंक (भ्याट र एक बाहेक) | कै |
|---|---|---|---|---|
| SMO/NCB/W/07/2080/081 | Bhandari Construction | Maintenance of Barala-MadamKada Road | Nrs. 2,491,475.25 /- (TwentyFour Lakhs Ninety-One Thousands Four Hundreds Seventy-Five Rupees & TwentyFive Paisa Only) | |

प्रमुख प्रशासकीय अधिकृत



## आँबुखैरेनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी तनहुँ
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

प्रकाशित मिति : २०८०/१२/१४

यस गाउँपालिकाबाट तपसिल बमोजिम कार्यको लागि बोलपत्र आव्हान सूचना प्रकाशन गरिए अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र दाताले अधिकतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले मुल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सूचना प्रकाशन मिति | फर्मको नाम, ठेगाना | कवोल अंक मु.अ.कर र प्रोभिजनल सम बाहेक रु. |
|---|---|---|---|---|---|
| १ | राजस्व/०८/२०८०/०८१ | आँबुखैरेनी गाउँपालिका वडा नं १ भएर वग्ने सत्रसय घाट) मर्स्याङ्दी नदिको ढुंगा, गिटि, बालुवा आदी उत्खनन् तथा विक्री कार्य | २०८०/११/२५ | श्री सुजन छिम्केस्वरी कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि, काठमाडौं | ३२५०४७७/०० |

आँबुखैरेनी गाउँपालिका



## Satyawati Rural Municipality
### Office of Rural Municipal Executive
Johang, Gulmi

**Invitation for Bids**

IFB No: IFB/W/1.4-2080-81

First date of publication : Chaitra 14, 2080 (27th March, 2024)

1. Office of Satyawati Rural Municipality, Johang, Gulmi invites electronic bids for Works from eligible bidders under National Competitive Bidding procedure.

| S. No. | Contract Identification No. | Name of Project | Estimated amount (Including VAT ) NRs. | Bid security amount NRs. | Bid document fee (Non – refundable) NRs. |
|---|---|---|---|---|---|
| 1 | SRM-GUL-W-NCB-7-2080-81 | Construction of Juniya Health Post Building | 19,458,769.97 | 5,60,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on Baishakh 14, 2081 (26th April 2024).at the office of at Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi

| Information to deposit the cost of bidding document in Bank: | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank : Kumari Bank Limited<br>Name of Office : Satyawati Rural Municipality<br>Account Name : Ga 1.1 ANTARIK RAJASWA KHATA<br>Account No. : 2690247957400010 | Name of the Bank : Kumari Bank Limited<br>Name of Office : Satyawati Rural Municipality<br>Account Name : Ga 3 DHARAUTI K SATYAWATI<br>Account No. : 2690247957400003 |

Chief Administrative Officer



## ग्रीनभ्याली बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा. १४ बल्खु, काठमाण्डौ ।
फोन नं. ५-३७५६७५

**यस संस्थाको गैर वित्तीय अचल सम्पति लिलाम विक्री सम्बन्धी ७ दिने गोप्य बोलपत्र (शिल्ड टेण्डर) आह्वान**

प्रकाशित मिति : २०८०/१२/१४ गते, बुधबार

यस संस्थाको नाममा दर्ता कायम रहेका तपशितमा उल्लेखित अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बढावढ मुल्यमा बिक्री गर्न आवश्यक भएको हुनाले उक्त जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले (७) सात दिन भित्र कार्यालय समय भित्र यस संस्थाको केन्द्रिय कार्यालयमा आईपुग्ने गरी आशिक वा सम्पूण रुपमा र एकल वा सयुक्त रुपमा के कति दररेटमा उक्त जग्गा लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन इच्छुक सबैमा आहवान गरिन्छ। उक्त अवधि भित्र पर्न आएका बोलपत्रहरु देहायको मिति, समय र स्थानमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।

**सम्पत्तिको विवरण :**
काठमाडौ जिल्ला टोखा न.पा., खड्का भद्रकाली वडा नं. ५, सिट नं. १०२०९०६१९ कित्ता नं.३५४ क्षेत्रफल ३४९.८० व.मि. र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत ।

**टेण्डर खोलिने मिति :** २०८०/१२/२१ गते, बुधवार
**समय :** ३:०० वजे
**स्थान :** केन्द्रीय कार्यालय बल्खु, काठमाण्डौं ।

१. शर्त बन्देज फारम यस संस्थाका कार्यालयहरुबाट रु. ५००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्नसकिनेछ ।
२. बोलपत्र फारममा आफुले बोलकबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लेखित गैर वित्तीय सम्पत्ति जे जस्तो अवस्था, स्थिति र परिणाममा छ सोही अवस्था, स्थिति र परिणाम अथवा कुनै व्यक्तिले आवश्यकता अनुसार आशिक वा सम्पूण रुपमा र एकल वा सयुक्त रुपमा लिनका लागि पनि बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्र साथ आफुले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम संस्थामा बोलपत्रदाताको नाममा खाता खोली वा संस्थाको महालक्ष्मी विकाश बैंक लि. महाराजगंज शाखामा रहेको खाता नं. ०६३००१००३२४५४४००००३ जम्मा गरेको रसिदको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फर्म, कम्पनी वा संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
७. माथि उल्लेखित अचल सम्पत्ति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ।
८. बोलपत्र स्वीकृति भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ।
९. स्वीकृती भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा सम्पूर्ण सहकारी दस्तुर/शुल्क इत्यादी बोलपत्रदाताले नै वेहोर्नु पर्ने छ।
१०. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागे सम्म धरौटी रकम फिर्ता दिईने छैन । अस्वीकृत धरौटी रकमको व्याज दिईने छैन ।
११. कुनै शर्त राखी पेश गरिएको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित रहने छ।
१३. थप विवरणको लागि केन्द्रिय कार्यालय बल्खुमा सम्पर्क गर्नु होला।



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडक, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१२/१४ गते आर्थिक दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुतलीसडक, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम विक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्वन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्वन्धित सवै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी दर्ता प्रमाणपत्र नं १७८९९१/०७४/०७५ अन्तर्गत मिति २०७४/०८/१० मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुरमा स्थायी लेखा नम्बर ६०६८४१०२१ मिति २०७४/०८/१२ मा दर्ता भएको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **ओम श्री सालासार हनुमान फोम इन्डष्ट्रिज प्रा.लि. ।**<br>**संञ्चालकहरूको विवरण**<br>**१. आनन्द सडौला**<br>**२. सविना सडौला** | १. **देवी प्रसाद सडौला...१ र खिल कुमारी सडौला...१** समेत जना २ को नाममा संयुक्त नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २४९९ को क्षे.फ. ०-१-१३/४ (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. **देवी प्रसाद सडौला**को नाममा मालपोत कार्यालय, खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. १६८, १४०, १६६, ८७८ र ८८० को क्षे.फ. क्रमश: ०-२-६, ०-५-१५१/२, ०-७-१२१/४, ०-४-३ र ०-०-७ (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>३. **ओम श्री सालासार हनुमान फोम इन्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला चैनपुर गा.वि.स., वडा नं. १ स्थित कित्ता नं. १३०५ को क्षे.फ. ४३६२ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>४. धनी कुमारी बैंक लि. र ऋणी **ओम श्री सालासार हनुमान फोम इन्डष्ट्रिज प्रा.लि.** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको च्यासिस नं. 475IDT18KRYSH3551, ईन्जिन नं. MAT483139JYR28134, सवारी नं. NA 5 CHA 377 को SUPER ACE BS-III थान १ । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **आनन्द सडौला**<br>ना.प्र.नं.- ९२३/०३५<br>जारी मिति - २०४७/१२/०७, जि.प्र.का. चितवन<br>बाबु - देवी प्रसाद सडौला<br>बाजे - खडानन्द सडौला<br>स्थायी ठेगाना- चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ०५<br>हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०८ | ३. **देवी प्रसाद सडौला**<br>ना.प्र.नं.- ३५ १०२१<br>जारी मिति - २०४३/०९/३०, जि.प्र.का. चितवन<br>बाबु - खडानन्द सडौला<br>बाजे - कुल प्रसाद सडौला<br>स्थायी ठेगाना- चितवन जिल्ला, कुमरोज गा.वि.स., वडा नं. ०५<br>हालको ठेगाना- चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०८ |
